# धर्मकीर्ति

# THE DHARMAKIRTI

A BUDDHIST MONTHLY




२५५२ औं बुद्धपूर्णिमाको अवसरमा धर्मकीर्ति विहारमा रक्तदान कार्यक्रम

DHARMAKIRTI

वर्ष-२६, अङ्क-०३

बि.सं. २०६५, ज्या: पुन्ही

# सुस्वास्थ्य एवं दीर्घायुको कामना !



## श्रद्धेय भिक्षुणी धम्मवती गुरुमां ७५ औं वर्षमा प्रवेश गर्न लाग्नुभएको शुभ-उपलक्ष्यमा उहाँको सु-स्वास्थ्य एवं दीर्घायुको कामना गर्दछौं ।

### ७ दिने निःशुल्क योग-ध्यान शिविर

श्रद्धेय भिक्षुणी धम्मवती गुरुमांको ७५ औं जन्मोत्सवको पुणित उपलक्ष्यमा निःशुल्क योग-ध्यान शिविर संचालन हुन लागेको हुँदा धर्मकीर्ति विहारका सम्पूर्ण गुरुमांहरु, धर्मकीर्ति अध्ययन गोष्ठीका परिवारहरु एवं उपासक उपासिकाहरुलाई हार्दिक आमन्त्रण गर्दछौं ।

*शिविर संचालन हुने मिति, समय र स्थान–*

मिति : ०६५ असार ५ गते देखि ०६५ असार १२ गते सम्म

समय : विहान ५:३० देखि ६:३० बजेसम्म

स्थान : धर्मकीर्ति विहार, नःघल

*शिविरमा सम्पर्कको लागि–*

**चमेली गुरुमां**

*आयोजक:*

**दिव्यज्योति समूह नेपाल**

थोटाहिटी

फोन: ४-२२४०८५

Downloaded from http://www.dhamma.digital

*प्रमुख व्यवस्थापक*
विद्यासागर रञ्जित
फोन: ४२५ ८९५५

*व्यवस्थापकहरू*
चिनीकाजी महर्जन
फोन: ४२५ ३१८२
ज्ञानेन्द्र महर्जन
फोन: ४२७६९०८

*सह-व्यवस्थापक*
धुवरत्न स्थापित

*सम्पादक*
भिक्षुणी वीर्यवती
फोन: ४२५ ९४६६

*प्रधान सम्पादक*
भिक्षु अश्वघोष महास्थविर
फोन: ४२५ ९११०

*प्रकाशक र विशेष सल्लाहकार*
भिक्षुणी धम्मवती
फोन: ४२५ ९४६६

*कार्यालय*
धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी
धर्मकीर्ति विहार
श्रीघः नघःटोल

पोष्ट बक्सं नं. ४९९२
काठमाडौं
फोन: ४२५ ९४६६

बुद्ध सम्वत् २५५२
नेपाल सम्वत् ११२८
इस्वी सम्वत् २००८
बिक्रम सम्वत् २०६५


| | |
|---|---|
| विशेष सदस्य | रु. १०००/- वा सो भन्दा बढी |
| वार्षिक | रु. ७५/- |
| यस अङ्कको | रु. १०/- |

# धर्मकीर्ति


(बौद्ध मासिक)

# THE DHARMAKIRTI

**A Buddhist Monthly**


**18th JUNE 2008**

| वर्ष- २६ | अङ्क- ३ | ञ्याः पुन्ही | आषाढ २०६५ |
|---|---|---|---|


जसले पापलाई बगाइसकेको छ, उसलाई ब्राह्मण भनिन्छ र जसले राम्रो आचरण गर्दछ, उसलाई श्रमण भनिन्छ । यसरी नै जसले आफूमा रहेका खराब आचरण एवं मलहरू हटाउने गर्छ, उसलाई प्रव्रजित भनिन्छ ।

काय (शरीर), वाक (वचन), र चित्त (मन) आदि तीन द्वारहरूबाट पाप कर्म नगर्ने संयमी व्यक्तिलाई म ब्राह्मण भन्दछु ।

जटा हुँदैमा, गोत्र हुँदैमा तथा जन्म लिँदैमा कोही व्यक्ति ब्राह्मण हुन सक्दैन, जुन व्यक्तिमा सत्य र धर्म रहेको हुन्छ, उही व्यक्ति पवित्र ब्राह्मण हुन्छ ।


Downloaded from http://www.dhamma.digital

■ सम्पादकीय ■

# कर्तब्य पालन नै सफलताको मार्ग

भगवान् बुद्ध भन्नुहुन्छ– **"धम्मो हेव रक्खतीति धम्मचारी"** अर्थात्– जसले धर्म पालन गर्छ, उसलाई धर्मले रक्षा गर्छ। धर्मानुकुल जसले काम गर्छ, उसलाई मात्र धर्मले साथ दिने गर्छ। धर्मले साथ दिने समयमा मात्र निर्धक्कसाथ हाम्रो मनले सुखानुभूति गर्न सक्नेछ।

यहाँ प्रश्न उठ्न सक्छ, धर्म कसरी पालन गर्ने त ? हुन पनि हो, धर्मको परिभाषा नबुझ्दा मानिसहरू मन्दिरमा गई अक्षता छर्दै पूजा गर्ने, यज्ञ होम गर्ने र पञ्चवली पूजा गर्ने आदि कार्यलाई मात्र धार्मिक कार्यको रूपमा अंगाल्न पुगिरहेका छन्।

तर बुद्ध शिक्षानुसार जसले आफ्नो कर्तब्य पालन गर्छ, त्यसलाई धर्म पालन गरेको भनिन्छ। त्यसैले कर्तव्य पालन गर्नको लागि आफ्नो कर्तव्य के हो त ? भन्ने विषयमा जानकारी राख्न पर्‍यो। यसको लागि शाक्यमुनी बुद्धले २५०० वर्ष अगाडि नै हामी सबैको कर्तव्यहरू औंल्याएर जानु भएको छ।

गृहस्थी जीवन विताइरहेका व्यक्तिहरूले आफ्नो कर्तव्य पत्ता लगाउनका लागि गृही विनय हेर्न सकिन्छ। गृहत्याग गरी श्रमण जीवन विताइरहने प्रव्रजित त्यागीहरू (महिला, पुरुष) को लागि छुट्टा छुट्टै विनय नियमहरू छन्। यसको साथै राज्य चलाउने शासकहरुका लागि सफल शासक बन्नकालागि पालन गर्नुपर्ने कर्तब्यहरू समेत शाक्यमुनी बुद्धले उल्लेख गरेर जानु भएको छ।

बुद्धकालिन समयमा भगवान् बुद्ध वैशाली गणराज्य स्थित सारंदद चैत्य परिसरमा रहनुहुँदा थुप्रै लिच्छवीहरू उहाँको दर्शनार्थ आएका थिए। त्यस समयमा उहाँले वैशाली गणराज्यको सुरक्षाको लागि लिच्छवीहरूलाई बज्जी गणराज्यको सफलताको लागि पालन गर्नुपर्ने ७ वटा कर्तव्यहरूको विषयमा बताउनु भएको थियो। यसलाई अङ्गुत्तर निकाय २.७.२१ को सारन्दद सुत्तमा उल्लेख गरिएको छ। ती कर्तव्यहरूलाई यहाँ सारांसमा प्रस्तुत गरिएको छ।

१. लिच्छवीहरू ! जबसम्म वज्जी गणराज्यका सांसदहरू सांसदभवनमा समय समयमा एकत्र रही देशको सुरक्षार्थ विचार विमर्श गर्ने कार्यमा जाँगर चलाउने गर्छन्, आफ्नो देशको सुरक्षार्थ सजग र सचेत रहने गर्छन्, तबसम्म उनीहरूको देशमा कुतत्त्वहरूले चलखेल गर्न सक्ने छैनन्। फलस्वरूप उनीहरूको शासन सफल भइरहनेछ।

२. लिच्छवीहरू ! वज्जी सांसदहरू आफ्नो देशमा आइपर्ने कुनै पनि संकटको घडीमा बजाइने घण्टा बज्ने वित्तिकै खाना खाइरहेकै अवस्था भएपनि वस्त्र अलंकार सजाइरहेको अवस्था भएपनि त्यसलाई त्यागेर तत्काल संसद भवनमा पुग्न सक्नु पर्दछ। त्यहाँ पुगी देशमा आइपरेका संकटलाई एक आपसी छलफल र विचार विमर्शले जुन निर्णय गर्छ , त्यसलाई एकमत भई समस्या समाधान गर्नु पर्दछ। मतभेदमा मात्र अल्झिरहने बानीले एक आपसमा वेमेल भई दुश्मनहरूसंग सामना गर्ने क्षमतामा ह्रास हुनेछ। जबसम्म सबै देशवासीहरूले रक्षार्थ सहयोग गर्ने कार्यलाई आफ्नो कर्तव्य ठान्दछन्, तबसम्म वज्जी गणराज्यको विजय नै हुनेछ।

३. लिच्छवीहरू ! जबसम्म वज्जीहरूले आफ्नो परम्परागत राज्य विधान र न्याय संहितालाई अतिक्रमण गर्दैनन् तब सम्म उनीहरू सफल नै हुनेछन्।

यसको लागि सांसदहरूले आफ्नो क्षेत्रमा रहेका प्रजाहरूलाई नियम विपरित कर उठाएर दुःख दिने कार्य त्याग्नु पर्दछ। राज्यले तोकेको कर असुल गर्दा पक्षपाती व्यबहारहरू त्याग्नु पर्दछ। न्यायपालिकाको पुरानो दण्ड संहितालाई उल्लंघन गर्न हुन्न। अपराधीको दोषलाई न्यापूर्वक केलाएर मात्र दण्ड दिने कार्य गर्नुपर्दछ।

जुन देशमा सरकारको तर्फबाट उचित न्याय प्राप्त भइरहन्छ, त्यस देशका जनता सरकार देखि सन्तुष्ट र प्रसन्न रहन सक्छन्। जसले गर्दा उनीहरू देश सुरक्षा कार्यमा सहर्ष भागीदार बन्नेछन्।

४. लिच्छवीहरू ! जबसम्म वज्जीहरूले आफ्नो देशका अनुभवी वयोवृद्धहरूलाई आदर सत्कार, मानसम्मान र गौरब राख्ने गर्छन्, उनीहरूलाई उपेक्षा नगरी उनीहरूको अनुभव र राय सल्लाहलाई ध्यान दिने गर्छन्, तब सम्म उनीहरूको शासन सफल हुनेछन्। तर उनीहरूलाई अवहेलना गरियो भने उनीहरूको तर्फबाट हुने महत्वपूर्ण ज्ञानवर्धक सल्लाह प्राप्तगर्ने मौका गुमाउन पुगी देशलाई हानी पुग्नेछ।

५. लिच्छवीहरू ! जवसम्म वज्जीहरूले आफ्ना जनताका छोरी बुहारीहरूको उचित संरक्षण दिइरहन्छन्, कसैको अपहरण गर्दैनन् दुर्व्यवहार गर्दैनन्, तबसम्म उनीहरूको शासने सफल नै हुनेछ।

६. लिच्छवीहरू ! जब सम्म वज्जीहरूले राज नगर भित्र र बाहिर रहेका चैत्यहरू र देवस्थानहरूलाई मान सम्मान र संरक्षण गरी राज्यको तर्फबाट दिनुपर्ने आर्थिक अनुदान समय समयमा दिइरहने गर्छ, यस कार्यमा लापरबाही गर्दैन, तबसम्म उनीहरूको राज्य शासन सफल भइ रहन्छ।

७. लिच्छवीहरू ! जब सम्म वज्जीहरू सन्त र अरहन्त (पवित्र चित्त सहितका व्यक्ति)हरूलाई आदर गौरव राखी उनीहरूको सुरक्षा एवं सुव्यवस्था कार्यलाई कायम राख्दछ, तबसम्म उनीहरूको शासन व्यवस्था सफल नै हुन्छ।

यी त भए गणराज्य सुरक्षार्थ राज्य शासकहरूले पालन गर्नुपर्ने ७ वटा कर्तब्यहरू। जुन शासकले यी कर्तव्य निश्वार्थ रूपले पालन गर्छ , उसको राज्यमा सफलताले ठाउँ लिनेछ। २५०० वर्ष अगाडि बुद्धले बताउनु भएका यी नियमहरू अहिले सम्मका लागि पनि ताजा र उपयोगी नै देखिन्छन्।



Downloaded from http://www.dhamma.digital

# शील- कथा

■ सत्यनारायण गोयन्का

लेख-पढ गर्दा "धर्म" शब्दको प्रयोग धेरै ठाउँमा गरिन्छ । कहीं साधकहरू मिथ्या भ्रान्तिमा नपरून् । यहाँ धर्मको अर्थ कुनै सम्प्रदायको लागि प्रयोग गरिएको होइन । धर्मको अर्थ हो, एउटा यस्तो सुख-शान्तिमय जीवन आदर्श जुन आफ्नो लागि मात्र होइन समस्त मानव समाजको लागि अझ भनुँ समस्त प्राणी जगतको लागि सुख-शान्ति र कल्याणको साधन हो । धर्मको शुद्धता यस अर्थमा हुन्छ कि त्यो कुनै व्यक्ति विशेष, वर्ग-विशेष, जाति विशेष, समूह विशेष, राष्ट्र विशेष अथवा देश-विशेषको परिधि भित्र सिमित हुनु हुँदैन । यस्तो भयो भने सत्य हुँदैन, सद्धर्म हुँदैन । त्यो एउटा सम्प्रदाय हुनजान्छ । शुद्ध-सद्धर्मको विशेषता यही हो कि त्यो मानव मात्रको लागि समान रूपले सहज र ग्राह्य पनि हुनुपर्छ, कल्याणकारी हुनुपर्छ । जहाँ सद्धर्म छ त्यहाँ मानव-मानव बीच विभाजन गर्न सक्दैन । कसैलाई धर्मको अधिकारी र कसैलाई धर्मबाट बंचित गर्न सक्दैन । सद्धर्ममा कुनै विधानको अन्ध रूपले अनुकरण गरिँदैन । यसबाट त प्रत्येक मनुष्यले आफ्नो तथा अन्यको लाभ हानी थाहापाउँछ र सबैको भलाईको लागि शान्तिमय जीवन जीउने तरीका सिक्दछ । काय र वाणीको दुष्कर्मबाट अलग्ग रहेर कसरी शीलवान तथा सदाचारी हुनसकिन्छ ? आफ्नो कल्याणको मार्ग कसरी पहिल्याउन सकिन्छ ? अन्य व्यक्तिहरूको सुख-शान्ति कायम राख्ने कार्यमा कसरी सहायक बन्न सकिन्छ ? शील तथा सदाचार कायम राख्नको लागि मन बशमा राख्ने कार्य कसरी सिक्न सकिन्छ ? अन्तरमुखी रहेर कसरी प्रज्ञा जागृत गर्न सकिन्छ ? मनोविकारलाई निरन्तर नियन्त्रण अथवा दमन गर्नको बदलामा उत्श्रृंखल बनाएर खुल्ला छुट दिइरह्यो भने प्रज्ञाद्वारा त्यसलाई पूर्णतया सहजरूपले कसरी शमन गर्न सकिन्छ ? चित्तलाई शुद्धतामा कसरी प्रतिष्ठित गर्न सकिन्छ ? मुक्ति-विमोक्षको आस्वादन कसरी गर्न सकिन्छ ? परमपद निर्वाणको साक्षात्कार कसरी गर्न सकिन्छ ?

यस्तो शील, समाधि, प्रज्ञा र विमुक्ति कुनै निश्चित व्यक्ति-विशेष तथा वर्ग-विशेष अथवा सम्प्रदाय-विशेष कसरी हुनसक्छ ? यो त सर्वशुलभ छ । जस्ले शील पालन गर्छ उसले समाधिबाट चित्तलाई वशमा राख्ने अभ्यास गरे प्रज्ञाद्वारा चित्त विशोधन गर्दै मुक्ति प्राप्त गर्न सक्छ । शील, समाधि, प्रज्ञा र विमुक्ति नै शुद्ध धर्म हो, यही सद्धर्म हो ।

यही शील, समाधि र प्रज्ञाको अभ्यासबाट शुद्ध धर्ममय जीवन जिउने अभ्यास गर्नको लागि कुनै सम्प्रदायमा दीक्षित हुनै पर्छ भन्ने छैन । कुनै सम्प्रदायमा दीक्षित भएर मात्र सुख-शान्ति प्राप्त हुन्छ भन्ने छैन । यस्तो त कदापी हुँदैन । कुनै जाति, वर्ग, देश, काल र कुनै पनि भाषा बोल्ने व्यक्ति जब चाहन्छ तब शील, समाधि र प्रज्ञा धर्मको अभ्यास गर्न सक्छ र सुख-शान्तिको जीवन व्यतीत गर्न सक्छ । यसलोक र परलोक सुधार्न सक्छ, आफ्नो र अन्य व्यक्तिहरूको हितसुखमा सहायक बनेर आध्यात्मिक उन्नति गर्न सक्छ ।

शील यस कल्याणकारी मार्गको प्रथम चरण हो । शील यस आध्यात्मिक जीवनको जग हो, आधारशीला हो । बिना शील पालन गरेर कोही व्यक्तिले सम्यक समाधि प्राप्त गर्न सम्भव छैन । शील, समाधिमा प्रतिष्ठित नभईकन अन्तर प्रज्ञा जागृत गरेर अन्तर मनका सम्पूर्ण विकार निर्मल गर्नु असम्भव छ । अत: शील यस कल्याणकारी शुद्धधर्मको प्राण स्वरूप हो ।

आऊ, शील के हो ? यसलाई बुझौं ।

काय र वाणीको दुष्कर्मबाट अलग्ग रहेर, मूर्खतापूर्ण दुराचारी जीवनबाट पर रहेर, समझदारी पूर्वक सदाचारमय जीवन जीउनु नै शील हो । दुराचारमय जीवनले व्यक्ति व्यक्तिमा समाज-समाजमा दुर्भावना, द्वेष, द्रोह र विग्रह पैदा गर्दछ । जब कि सदाचारमय जीवनले सुख-शान्ति सद्भावना र मैत्री पैदा गर्दछ । पहिलो दुराचारी जीवन दोषपूर्ण जीवन हो भने दोस्रो निर्दोष जीवन । दुराचरी जीवनले आफ्नो तथा अन्य सबै व्यक्तिहरूको लागि असीम दु:खको प्रजनन र संवर्धन गर्दछ भने सदाचारी जीवनले दु:खको शमन तथा निर्मूल गर्दछ । आऊ, अब पाँच शीललाई राम्ररी केलाएर हेरौं ।

पहिलो- हिंसाबाट विरत रह्यौं भने मैत्रीकरूणाको मंगलभावको विकास हुन्छ । हिंसा गर्‍यो भने क्रोध, द्वेष, द्रोह र दुर्भावनाको पोषण हुन जान्छ । यो शीलले मनुष्य-



Downloaded from http://www.dhamma.digital

मनुष्य प्रति मात्र होइन पशु तथा अन्य प्राणीहरूमा पनि सौमनस्यताको भाव पैदा गर्दछ । यस शीलबाट **"जीवों जीवस्य भोजनम्"**, "मारो या मरो" भन्ने जंगली कानूनबाट टाढा राख्दछ। सबै प्राणीहरूलाई आत्म भाव अर्थात् **"अत्तानं उपमं कत्वा"** भन्ने सत्य तिर देखाउँदछ । "बाँच र बाँच्न देऊ" भन्ने मैत्रीपूर्ण वातावरण तैयार गर्दछ र प्राणीहरूको सुख-सम्वर्द्धन गर्दछ ।

दोस्रो- अदिन्नादानबाट अलग्ग रहेर लोभजन्य दुराचरणबाट बच्न सकिन्छ । लुकी-छिपी, चोरी गर्नु मात्र अदिन्नादान होइन, लोभी-लालची भएर अधर्मपूर्वक मिथ्या आजीविकाको साधन अपनाएर धन-संग्रह गर्नु र जनतालाई निर्धन-दुखी बनाउनु पनि अदिन्नादान हो, चोरी हो । यस शील पालन गरेमा अन्ध स्वार्थताबाट बचेर परदुख प्रति करूणा प्रज्वलित गर्न सकिन्छ । सबैको हित, न्यायोचित जीवन-यापनको लागि अनुकूल वातावरण तयार गर्नमा सहायक हुन सक्छ ।

तेस्रो- काम सम्बन्धी दुराचरणबाट अलग्ग रहेर आफू भित्र निहीत दुर्दमनीय पाशविक वासनालाई दमन गरेर आत्म संयम रहने अभ्यास गर्न सकिन्छ । पारिवारिक र सामाजिक व्यवस्थाको संतुलन र सबैको सुखद स्वास्थ्य सुरक्षामा मद्दत गर्न सकिन्छ ।

चौथौं- वाचिक दुष्चरित्रबाट अलग्ग रहेर वाणीलाई संयम गर्न सकिन्छ । झूठो बोल्ने, कडा वचन बोल्ने, निन्दा चुगली गर्ने, निरर्थक बोल्ने बानी छोडेर स्वयं बेचैन हुनबाट बच्न सकिन्छ । अन्यलाई हानी हुने कार्यबाट अलग्ग रहन सकिन्छ । यसबाट अन्य व्यक्तिको मन दुखाउने कार्यबाट अलग्ग रहन्छौं । साँचो, सीधा, मीठो, कल्याणकारी वाणी बोलेर अन्य तथा स्वयं शान्त सुखी हुन सकिन्छ ।

पाँचौं- मादक पदार्थ सेवन गर्नबाट अलग्ग रहेर हामी स्वयं आफूमात्र बन्चित रहँदैनौं बल्कि यस्को मादमा परेर अन्य व्यक्तीहरूको सुख-शान्ति भंग गर्ने पागलपनबाट समेत बच्न सक्छौं ।

यस प्रकार हामी थाहा पाउँछौं की सबै शील आत्महित तथा परहितको लागि नै हुन् । कोही हत्यारा, लोभी, व्यभिचारी, झूठो बोल्ने र मद्यपान गर्ने व्यक्ति आफ्नो इन्द्रियलाई कसरी वशमा राख्न सक्छ ? आफ्नो मनलाई कसरी स्थीर-शान्त राख्न सक्छ ? प्रज्ञा जागृत गरेर आफ्नो मनमा उठ्ने विभिन्न विनाशकारी मनोविकार बाट कसरी मुक्त हुन सक्छ ? कसरी परमपद निर्वाणको साक्षात्कार गर्न सक्छ ? कसरी असीम मैत्री, करूणा, मुदिता र उपेक्षाको सर्वमांगल्यमय विहारको जीवन जीउन सक्छ ? स्वयं आफ्नो हित गर्न नसक्ने व्यक्तिले अन्य व्यक्तिको हित-सुखको लागि के सहयोग गर्न सक्छ ? उस्ले त अन्यलाई पनि हानी नै पुऱ्याउँछ ।

यस शुद्ध धर्म-पथको यात्रा आरम्भ गर्दा जब हामी शील-पालन गर्ने अभ्यास गर्छौं, यसबाट कुनै सम्प्रदायको खोक्रो रीतिरिवाज गरिरहेका छैनौं, कुनै पुस्तकमा लिखित विधि-विधानमय निर्जीव कर्मकाण्डको अनुष्ठान गरिरहेका छैनौं, कोही मत-प्रवर्तक व्यक्ति विशेष को स्तुति-प्रार्थना पूजा-अर्चनामा अल्झिदैनौं, कुनै मिथ्या अन्धविश्वासमा अल्झेर विना सोच विचार रूढि-परम्पराको शिकार बन्दैनौं, कोही लकीरको अंधो फकीरु बन्दैनौं बल्कि धार्मिक जीवन जीउन सिक्छौं । त्यो पनि सोच विचार गरेर आत्म कल्याण तथा पर कल्याणको मंगलभावहरूले स्वत: प्रेरित भएर रहने हो । सार्वजनीन हित-सुख र मंगल-स्वस्तिको भावले अनुप्राणीत भएर रहने हो । यो एउटा यस्तो जीवन पद्धति हो, स्वस्थ आचरण संहिता हो जुन कोही अन्य व्यक्तिहरूले हामी माथि ठापेको होइन, जुन भयभीत भएर मजबुरण ग्रहण गर्न बाध्य भयौं । शील पालन गरेर अन्तरमनमा कुनै प्रकारको गाँठो बाँध्दैनौं बल्कि स्वस्थ चित्तले स्वस्थ व्यक्ति एवं स्वस्थ समाजको निर्माण गर्दछौं ।

यस्तो छ यो शील । यस्तो छ यो शुद्ध धर्मको प्रथम चरण । सद्धर्मको पहिलो कल्याणकारी स्वरूप । सबैको लागि ग्रहणीय धर्म । सबैको लागि समानरूपले मंगलमय ।

अत: आऊ साधकहरू ! हामी शीलवान बनूँ जसबाट स्वयं पनि सुख-शान्तिको उपभोग गर्न सकूँ तथा अन्यको पनि सुख-शान्तिमा सहायक बनौं । शील टूट्यो भने आफ्नो पनि सुख-शान्ति भंग हुन्छ, अरूको शान्ति पनि भंग हुन्छ । आफ्नो पनि अन्यको पनि हित-सुख दूर हुन्छ ।

हामीले कसैको हत्या गर्दछौं । अन्यको सामान चोर्छौं, व्यभिचार गर्छौं, झूठ, छल, कपट, वाणी बोल्छौं; क्रूर, चुगली, निरर्थक कुरा गरेर अन्यलाई दु:खी त बनाउँछौं नै साथ-साथै स्वयं पनि हिंसा, क्रोध, लोभ, ईर्ष्या, द्वेष्य, लोलुपता, वासना, कटूतापूर्ण व्यवहारले आफ्नो मन-मानस भरेर मनको निर्मलताबाट टाढा रहन्छौं । आफ्नो सुख-शान्ति नष्ट गर्दछौं । यस्तै प्रकारले नशालु पदार्थ सेवन



Downloaded from http://www.dhamma.digital

गरेर हामी पराधीन बन्छौं, गुलामी बन्दै जान्छौं र नशाबाट प्रमत्त भएर आफ्नो र अन्यको अहित गर्दछौं ।

प्रत्येक शील भंग गर्दा आफ्नो र अन्य सबैको हानी त हुन्छ नै परहित गर्ने मंगलभावना नभए ता पनि कम से कम आत्महितको लागि भए पनि, स्वार्थ सिद्धिको लागि भए पनि शील पालन गरौं ।

आफ्नो स्वार्थ पूरा गर्नु नराम्रो होइन । तर आफ्नो सही स्वार्थ के मा छ त्यो त थाहा पाउनु पर्छ । सही स्वार्थ त्यही हो जस्मा अन्यको स्वार्थ पनि निहीत छ । आफ्नो सुख त्यही हो जस्मा अन्यको सुख पनि सामेल छ । सही शान्ति त्यही हो जसबाट अन्य व्यक्तिको शान्ति भंग हुँदैन ।

अन्यको सुख-शान्ति भंग गरेर यदि हामी आफ्नो सुख शान्ति कायम राख्न खोज्यौं, आफ्नो हित-सुख साधन गर्न चाह्यौं भने वास्तवमा हामीले सत्य के हो बुझेका नै छैनौं । आफ्नो आँखामा पट्टी बाँधेर बाटो विराएको बटुवा जस्तै हुन्छ ।

साधकहरू आफ्नो साँचो सुख-शान्ति र हित-सुखको लागि अन्य सबैको सुख-शान्ति र हित-सुख सुरक्षित राख्न सिक्नु पर्छ । यही शील सदाचार हो । यसैमा आत्म मंगल र सर्वमंगल निहीत छ । यसैमा आत्महित र सर्वहित समाएको छ । अत: सचेत एवं जागरूक रहेर शीलवान बन्ने अभ्यास गरौं । यही नै धर्मको पहिलो कदम हो, जुन मुक्ति मोक्षको लामो यात्रामा अन्तिम क्षणसम्म सहयोगी बन्छ । लामो भन्दा लामो यात्राको लागि पनि पहिलो चरण त्यति नै महत्वपूर्ण हुन्छ । यहि पहिलो कदम नै यात्राको अन्तिम विन्दूसम्म पुग्ने कारण बन्छ । पहिलो कदम नै उठेन भने आफ्नो लक्ष्य कसरी पुरा हुन्छ ।

आऊ । साधकहरू ! यस मंगलमयी धर्मयात्राको पहिलो कदम दृढताका साथ उठाँऊ, शीलवान बनूँ, शीलवान बनूँ, शीलवान बनूँ । ■

*(साभार- विपश्यना वर्ष १५, अङ्क २, जेष्ठ २०५५)*

**धर्मकीर्ति विहारमा बुद्धपूजा र धर्मदेशना**

| *मिति* | *बुद्धपूजा* | *धर्मदेशना* |
|---|---|---|
| २०६५/१/३० | वीर्यवती गुरुमां | वीर्यवती गुरुमां |
| २०६५/२/१ | चमेली गुरुमां | धम्मवती गुरुमां |
| २०६५/२/७ | अनुपमा गुरुमां | अनुपमा गुरुमां |
| २०६५/२/१५ | कुसुम गुरुमां | कुसुम गुरुमां |
| २०६५/२/२१ | जयवती गुरुमां | जयवती गुरुमां |

## सातदिने अल्पकालिन ऋषिणी प्रव्रज्या २०६४

■ **विश्वेता वज्राचार्य** *(१४ वर्ष)*
*तानसेन, पाल्पा*

म यस अल्पकालिन प्रव्रज्या शिविरमा आफ्नै इच्छाले भाग लिन आएकी हुँ । जब मैले यस शिविरको बारेमा सुनें, मैले झट्ट आफ्नो नाउँ दिएँ । म पहिले पनि एकपटक धर्मकीर्ति विहारमा ऋषिनी भइसकेकी थिएँ तर त्यसबेला मलाई यहाँको जस्तो गाह्रो लागेन । मलाई यहाँको नेवारी भाषा पनि गाह्रो लाग्यो । मैले यहाँ धेरै साथीहरू पाएँ । अब मैले यहाँ अनुभव गरेको बारे र म मा परिवर्तन आएको बारे लेख्न चाहन्छु ।

यस शिविरमा हामीले बिहानै उठेर बुद्धपूजा गर्नु पऱ्यो । जसले गर्दा मेरो ढीलो उठ्ने बानी पनि हट्दै गयो । त्यसपछि जलपान गरियो तर जलपान अलि बोझीलो भएकोले मेरो पेट अलि दुख्यो । जलपान त मिठो थियो तर चियामा भने चिनीनै थिएन । जलपान सकाएपछि हामी ध्यान बस्न गयौं । ध्यान पनि धेरै नरमाइलो लाग्यो । ध्यान बस्दा खुट्टा र ढाड दुखेर अनि मनमा अरूअरू ख्याल आएर हैरान भयो । तर ध्यान बसेर मनमा शान्ति आउँदो रहेछ । अरू मैले केही पाएन । मैले ध्यान बस्दा राम्रोसंग नबसेर होला मैले केही अनुभव गरिन । त्यसकारणलाई मैले गुरुमांसंग माफि माग्छु ।

यति मात्र होइन हामीले यहाँ भन्ते, गुरुमांहरूबाट उपदेश, कथा र धेरै राम्रा राम्रा नैतिक ज्ञानका कुराहरू सिक्यौं । जसबाट हामीमा धेरै परिवर्तन आयो ।

मलाई यहाँ सबैभन्दा रमाइलो कुरा उपदेश र कथा लाग्यो भने सबैभन्दा नरमाइलो भोजन लाग्यो ।

थोरै दिन भएपनि हामीलाई यहाँ धेरै रमाइलो लाग्यो । साथीहरूसंग घुलमिलिएको याद पनि आएन ।

*(नोट- धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी धर्मकीर्ति विहार ले जितापुर गन्धकुटी विहार खोकनामा (२०६४ पौष २१-२७ सम्म) संचालन गरेको सातदिने अल्पकालिन श्रामणेर श्रमणी प्रव्रज्या कार्यक्रममा भाग लिएकी बालिकाको अनुभव ।)*



Downloaded from http://www.dhamma.digital

# धम्मपद–२१०

■ रीना तुलाधर (बनिया) *'परियत्ति सद्धम्म कोविद'*

**इध वस्सं वसिस्सामि – इध हेमन्त गिम्हसु**
**इति बालो विचिन्तेति – अन्तरायं न बुज्झति**

अर्थ– बाल अज्ञानीजनले- यहाँ वर्षामा बास गर्नेछु, यहाँ हेमन्तकालमा बास गर्नेछु, यहाँ गृष्मकालमा बास गर्नेछु भनीकन विचार गर्दछ। तर बिचमा बिध्न बाधा हुने कुरा तिनीहरूलाई थाहा हुँदैन।

घटना– उपरोक्त गाथा भगवान बुद्ध जेतवन विहार मा बस्नु हुँदन एकजना महाधनी व्यापारीको कारणमा भन्नु भएको थियो।

एक समयमा एकजना महाधनी व्यापारी वाराणसी देखि केशरी जस्तै रातो कपडाको भारी पाँचसयवटा गाडामा राखेर श्रावस्तीमा व्यापार गर्न आई पुगे। भोलिपल्ट बिहान मात्रै नदी पार गरेर जान्छु भनी गाडाहरू नदी छेउमै राखेर त्यहिं बास बसे। त्यही राती बेस्करी घनघोर पानी पऱ्यो। उसले नदी पार गरेर शहरमा व्यापार गर्न पाएन। त्यो बेला सात दिनसम्म त्यहाँ ठूलो मेला पनि लाग्थ्यो। टाढाबाट सामान बोकेर आएर पनि व्यापार गर्न नपाएकोले व्यापारीले सोचे– यो सामान लिएर फर्केर पनि के गर्नु। यहिं वर्षा, गृष्म र हिउँद बिताउनु पर्ला। कामदारहरूलाई पनि वर्षैभरि हाम्रो यहिं बस्ने भयौं भने।

तथागत भिक्षाटनमा जानुहुँदा उक्त व्यापारीको बारेमा जान्नुभयो र केही क्षण जिउ कमाउनु भयो र मुस्कुराउनु भयो। यो देखी आनन्द स्थविरले सोधे - के कारणले तथागतले यस्तो गर्नुभयो ?

भगवान बुद्धले भन्नुभयो– "आनन्द तिमीले देख्यौं यी व्यापारीले वर्षैभरि यहिं बसरे व्यापार गर्ने योजना बनाई रहेको छ। तर यो सात दिनभित्रै आफ्नो मृत्यु हुने कुरा उसलाई थाहा छैन। आज गर्नुपर्ने काम आजै गर्नुपर्छ। भोलि नै आफ्नो मृत्यु हुन सक्ने कुरा कसलाई थाहा छ। महान सेना भएका मृत्यु राजासंग संग्राममा हाम्रो दिनको ठेकाना छैन। यस प्रकार रात दिन उद्योगी भएर सचेत हुने मानसिक तनाव नलिने, शक्तिशालीको एक रात जिउनु पनि असल जिउनु हो भनीकन शान्त मुनि जनले भन्ने गर्छन्।"

त्यसपछि भगवान् बुद्धले आनन्दलाई महाधनी व्यापारी कहाँ पठाउनु भयो। आनन्दले व्यापारीलाई उनको जीवनको अन्त्य हुन लागेको छ र त्यसैले प्रमादी भएर बस्न नहुने कुरा बताए। आफ्नो जीवन सात दिनसम्म मात्र बाँकि रहेको थाहा पाएर उनी तर्से। त्यसपछि सात दिनसम्म व्यापारीले भगवान् बुद्ध प्रमुख भिक्षु संघलाई भोजन दान, अरू महादान गरी पुण्य कार्य गरे। सातौं दिनमा तथागतले पुण्य कार्यको अनुमोदन गर्नुभयो र धर्म देशना दिनु भयो– "हे उपासक ! पण्डितजनले म यहिं वर्षात बिताउँछु। यी यी कार्य अरूलाई गराउँछु भनीकन बस्नु हुँदैन। आफ्नो जीवन भनेको विनाश हुन सक्ने हो भनीकन संधै होश गरेर बस्नु पर्छ।" यसरी देशना संगै तथागतले उपरोक्त गाथा भन्नुभयो।

धर्मदेशनाको अन्तमा महाधनी व्यापारी श्रोतापत्ति फलमा प्रतिष्ठित भए। तथागत फर्किनु हुँदा संग संगै केही बाटो गएपछि फर्केर आए। फर्किने बित्तिकै उसलाई टाउको दुखेको जस्तो भयो, ओछ्यानमा पल्टेको उ त्यहीं क्षणमै उनको मृत्यु भयो। ■

## भजन

■ बुद्ध शाक्य, यल

खुल्लल नुग: शान्ति कायेत
नसा यागु शरण का:वना।
नसाथें जागु वासलं याना:
हियागु उकुम ज्वीका च्वना॥
उकें बुद्ध जिं धयाच्वना
बुद्धं शरणं गच्छामि !
थनया थनसं फल बीगु,
बुद्धया धर्म न्यना च्वना।
सचित्त मजू, अचित्तं याना,
जीवन थ्व भोग याना च्वना॥
उकें बुद्ध जिं धयाच्वना
धम्मं शरणं गच्छामि !
अज्ञानी यातनं प्रज्ञा ज्ञानं,
दैगु लंपु दु:ख निदानया।
सत्यं जा:गु तथागत धर्म !
अणु अणुयागु अनंतताया॥
उकें बुद्ध जिं धयाच्वना
संघं शरणं गच्छामि !!



Downloaded from http://www.dhamma.digital

# बुद्धप्रति मानिसको श्रद्धाको कारण

■ भिक्षु अश्वघोष

भगवान् बुद्धलाई किन सम्मान गर्दछन् ? यो बुझि-राख्नुपर्ने कुरा हो । गौतम बुद्ध सही रूपमा त्यागी हुनुहुन्छ, सही रूपमा चित्त शुद्ध भएको नै महापुरुष हुनुहुन्छ । बुद्ध यथावादी तथाकारी अर्थात् जसरी बोल्नुहुन्छ, काम पनि त्यसरी नै गर्नुहुन्छ र क्रियाशील हुनुहुन्छ । तर, साधारण मानिस जसरी बोल्छन्, त्यसरी काम गर्दैनन् । तिनीहरूको भनाइ र गराइमा फरक हुन्छ । आफू बोध भएपछि मात्र अरूलाई बोध गराउनुहुन्छ, आफू शान्त भएपछि मात्र अरूलाई शान्त हुनुपर्ने उपदेश दिनुहुन्छ । बुद्धका यी गुणहरू धेरैलाई थाहा छैन । यो कुरा निम्न लिखित घटनाबाट अनुमान गर्न सकिन्छ ।

एकदिन बुद्ध भिक्षाटनको लागि बिहानै विहारबाट निस्कनुभयो । समय अलि सबेरै थियो । अनि उहाँ नजिकको ठाउँमा उदायी नामक अबौद्ध प्रव्रजितकहाँ जानुभयो । त्यहाँ जम्मा भइरहेकाहरूको छलफल भइरहेको थियो । गौतम बुद्धलाई देख्नासाथ तिनीहरू सबै चूप लागे र बुद्धलाई स्वागत गर्न तत्पर भए । अनि गौतम बुद्धले उनीहरूसँग सोध्नुभयो- यहाँ के कुरा भइरहेको हो ?

उनीहरूले उत्तर दिँदै भने– कुन प्रकारको धार्मिक गुरुलाई आफ्ना शिष्यहरूले धेरै गौरव र सम्मान गर्दो रहेछन् भन्ने विषयमा छलफल हुँदा तपाईंको नाम अग्रपंक्तिमा आएको थियो । तपाईंलाई नै आफ्ना शिष्यहरूले धेरै सम्मान गर्ने र तपाईंकै सम्मान हुने कुरा भएको थियो ।

बुद्धले सोध्नुभयो– मेरो विषयको यो कुरा कसरी थाहा पाएको नि ?

उनीहरूले भने– एक समय तपाईंले धर्मउपदेश दिइर हनुभएको बेला एकजना भिक्षुलाई खोकी आएको थियो । त्यसबेला उसलाई अरू भिक्षुहरूले भनेका थिए कि तथागतद्वारा धर्मउपदेश भइरहेको बेला खोक्नु हुन्न । त्यहाँ सबै शान्तपूर्वक धर्मउपदेश सुनिरहेका थिए । शान्तसँग बस्न अनुरोध गरिरहेको थियो । तपाईंको धर्मदेशना शान्तपूर्वक सुनेर कसै-कसैले ज्ञान लाभ गरिरहेको पनि देखें ।

बुद्धले फेरि सोध्नुभयो– यसरी मेरो मान सम्मान गरिएको कारणको बारेमा तपाईंहरूले के ठान्नु भयो नि ?

यस विषयमा उनीहरूको विचार अनुसार पाँचवटा कारणहरू रहेका छन् । जस्तै–

१. बुद्धले धेरै भोजन गर्नुहुन्न,
२. सादा खाना खानुहुन्छ,
३. साधारण वस्त्र लगाउनु हुन्छ,
४. साधारण आसन अथवा भुईंमा पनि बस्नुहुन्छ र
५. धेरै जसो एकान्त ठाउँमा बस्नुहुन्छ ।

बुद्धले भन्नुभयो– तपाईंहरूका कुरा सुनेर त मभन्दा मेरा चेलाहरू माथि परेको जस्तो लाग्यो । यहाँ बाटोमा मागिरहेका भिखारीहरू पनि गुणी जस्ता देखिन्छन् किनभने यहाँका कोही कोही मेरा चेलाहरू कम खाना खानेहरू छन् । भिखारीहरू पनि साधारण वस्त्र लगाउँछन्, भुईंमा सुत्छन् । तर मलाई मानेको कारण भने यतिकै होइन । अर्कै विशेष कारणहरू छन् । ती कारणहरू हुन्:–

शीलवान्, सदाचार सम्पन्न, संयमी र मनलाई वशमा राख्न सक्नु, मनले भनेको कुरा नभन्नु, मनले दोहोऱ्याएको ठाउँमा नजानु । अर्को भाषामा भन्ने हो भने मनले चिताएअनुसार आचरण नगर्नु । म जुन काम गर्छु, धेरै मानिसहरूको हित हुने काम गर्छु । कसैको अहित हुने काम गर्दिन । म जुन धर्मको कुरा भन्छु, त्यो आफूले अनुभव गरेको मात्र भन्छु, आफूलाई अनुभव नभएको कुरा भन्दिन । बनावटी र विद्वत्ता देखाउने बुद्धिविलासिताको कुरा गर्दिन । जुन कुरा भन्ने गर्छु, पछि त्यसको प्रतिक्रिया नआउने गरी दूरदर्शी ज्ञानले मात्र गर्छु, जसले गर्दा पछि त्यस विषयमा खण्डन मण्डन नआऊन् । शिष्यहरूलाई टाउको दुख्ने र बोझ हुने खालको शिक्षा दिन्न । यहाँ दु:ख छ, दु:खको कारण छ, त्यसैले दु:खबाट मुक्त हुने र दु:खबाट मुक्त हुनसक्ने बाटो देखाइदिन्छु । मानिसको लागि जीवनको भविष्य उज्ज्वल हुने बाटो देखाइदिन्छु । शिष्यहरू समक्ष यस्तो कार्यक्रम र गतिविधि राख्छु, जुन बाटोबाट, जुन कार्यक्रमबाट उनीहरू सरलतापूर्वक गतिशील हुन सकुन् । फलस्वरूप केहीले अर्हत्, निर्दोष र निष्कलंक हुन पुगुन् । सादा खानपान र सादा वस्त्र लगाएको हुँदा मेरा शिष्यहरूले मलाई सम्मान गरेको होइन । सम्मानको मूख्य कुरो त संयमी र सदाचारी हो, अनि चित्त शुद्ध हुनु र कर्त्तव्य परायणता हुनु । बुद्धको शिक्षा सरल छ, व्यवहारिक छ, बुद्ध कट्टर पन्थी हुनुहुन्न, मध्यममार्गी हुनुहुन्छ, परम्परावादी हुनुहुन्न भने गतिशील हुनुहुन्छ । उपर्युक्त कुराले के थाहा पाउँछ भने अबौद्धहरूको बुद्धप्रतिको श्रद्धा र विश्वास एकतर्फी छ, न्यायानुकुल छैन । तसर्थ ठीक छैन ।

आजभोलि भिक्षुहरूको रहन सहन, विहारको आधुनिकता र विलाशिता देखेर केही बुद्धिजीविहरूको श्रद्धा र विश्वासमा आँच आएको चर्चा छ । त्यागीहरूको रहन सहन सादासिधा हुनुपर्छ भन्ने चर्चा चलिरहेको छ । हुन त, त्यागी भिक्षुहरूको लागि उत्ताउलो र विलाशी जीवन शोभा हुँदैन । तर बुद्धको शिक्षा यसप्रकार छ–

अलंकतो चेपि समं चरेय्य, सन्तोदन्तो नियतो ब्रह्मचारी अर्थात् जीवनमा धेरै राम्रो भइरहून् र रहनसहन भए पनि यदि उसको जीवनशैली शान्त र संयमित भई उत्तम चर्याको भए त्यसमा आपत्ति छैन । मूख्य कुरो आचरण राम्रो र चित्त शुद्ध हुनुपर्छ । संकुचित विचार हुनुहुन्न । अरूको लागि बाधापूर्ण जीवन बिताउनु हुन्न । हृदय सांघुरो हुनुहुन्न । बुद्धको चित्त शंखजस्तै सेतो र शुद्ध छ । त्यसैले उहाँप्रति श्रद्धापूर्वक मानिसहरूले सम्मान र गौरव गर्दछन्, पूजा गर्दछन् । ■



Downloaded from http://www.dhamma.digital

## धर्मकीर्ति पत्रिकाको विशेष सदस्यहरू

क.सं. ५४८
**श्रीमती ज्ञानदेवी शाह**
कालिमाटी
रु. १००५/-

क.सं. ५४९
**श्री उत्तम नारायण महर्जन**
धर्मभक्त मार्ग, सिफल
रु. १०१०/-

क.सं. ५५०
**श्री सुनदेवी महर्जन**
४३४ पहिको सडक, नयाँबजार
रु. १०१०/-

क.सं. ५५१
**साकुलां पुस्तकालय**
तचपाल, साकुलां
रु. १००५/-

क.सं. ५५२
**श्री लक्ष्मी डंगोल**
खुंसिबुँ, काठमाडौं
रु. १००५/-

क.सं. ५५३
**श्री मणिशोभा स्थापित**
प्याफल, काठमाडौं
रु. १००५/-

क.सं. ५५४
**श्री पद्ममाया मानन्धर**
न्यूरोड, काठमाडौं
रु. १००५/-

क.सं. ५५५
**श्री चन्द्रलक्ष्मी रञ्जित**
८९३/९३ सूर्य विक्रम ज्ञवाली मार्ग, बानेश्वर ३४
रु. १००१/-

क.सं. ५५६
**श्री उत्तमलाल महर्जन**
त्यागल टोल, वडा नं.७, ललितपुर
रु. १००१/-

क.सं. ५५७
**श्री मायादेवी चित्रकार**
सामाखुशी, काठमाडौं
रु. १००५/-

क.सं. ५५८
**श्री बेटी मानन्धर**
टेकु, काठमाडौं
रु. १००५/-

क.सं. ५५९
**श्री चिनीमाया बज्राचार्य**
सामाखुशी, काठमाडौं
रु. १००५/-

क.सं. ५६०
**श्री सुभद्रा स्थापित**
इन्द्रचोक नौमुग गल्ली
रु. १०१५/-

क.सं. ५६१
**श्री सुन्दररत्न ताम्राकार**
ग २-४२९ धोबिधारा, काठमाडौं
रु. ११११/-

क.सं. ५६२
**श्री लक्ष्मी महर्जन**
चो लुबि ज्याठा
रु. १०२०/-

क.सं. ५६३
**श्री अष्टमाया महर्जन**
नाय पाच्व, लगनटोल
रु. १०२०/-

क.सं. ५६४
**श्री सुलेखा शाक्य**
जोर गणेश, काठमाडौं
रु. १००५/-

क.सं. ५६५
**श्री दानमान महर्जन**
बनस्थली, काठमाडौं
रु. १०००/-

क.सं. ५६६
**श्री सुन्दरकुमार शाक्य**
लोकन्थली, कौशलटार, मध्यपुर ठिमी
रु. १००५/-

क.सं. ५६७
**श्री सुमनलाल अमात्य**
ललितपुर
रु. १००२/-

क.सं. ५६८
**श्री चिरीभाई महर्जन**
चल्खु वडा नं. २१, ललितपुर
रु. १००३/-

क.सं. ५६९
**श्री दिवाकर वैद्य**
लगनखेल
रु. १०५०/-



Downloaded from http://www.dhamma.digital

"नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स"

# मिलिन्द-प्रश्न – १३

## (दोस्रो परिच्छेद)

■ अनु. आनन्द प्रधान

"जाँदैन भन्ते ! त्यही दियो रातभरि बलिरहन्छ ।"

"महाराज ! ठीक उसरी नै कुनै वस्तुको अस्तित्वको सिलसिला (श्रृङ्खला, क्रम) मा एउटा अवस्था उत्पन्न हुन्छ एउटा लय (लोप, अर्कोमा मिल्नु) हुन्छ – र यसरी प्रवाह निरन्तर चलिरहन्छ । एउटा प्रवाहको दुई अवस्थामा एक छिन (क्षण) को पनि अन्तर हुँदैन, किनकि एउटा लय हुनेबित्तिकै अर्को उत्पन्न भइहाल्छ । यसकारण न त्यही जीव रहिरहन्छ न अर्कोनै भएर जान्छ ।"

"एउटा जन्मको अन्तिम विज्ञान लय हुनेबित्तिकै अर्को जन्मको प्रथम विज्ञान (नाम र रूप) उभिहाल्छ ।"

**३. "कृपा गरेर एउटा अर्को उपमा दिएर सम्झाउनुहोस् ।"**

"महाराज ! दूध दुहेको केही समयपछि जमेर दही बन्छ दहीबाट नौनी घिउ, नौनीघिउबाट (खारेको) घिउ बनाइन्छ । त्यति बेला कसैले भन्छ – जुन दूध थियो त्यही दही भयो । महाराज ! यस्तो भन्नेले के ठीक भनेको हो त ?"

"ठीक भनेको होइन भन्ते ! दूधबाट यी चीजहरू बनेका हुन् ।"

"महाराज ! ठीक यसै किसिमले कुनै बस्तुको अस्तित्वको प्रवाहमा एउटा अवस्था उत्पन्न हुन्छ एउटा लय हुन्छ – र यसरी प्रवाह (धारा) निरन्तर चलिरहन्छ । एउटा प्रवाहको दुई अवस्थामा एक छिनको पनि अन्तर हुँदैन, किनकि एउटा लय हुनेबित्तिकै अर्को उत्पन्न भइहाल्छ । यसकारण न उही जीव रहिरहन्छ न अर्को नै भएर जान्छ ।"

"एउटा जन्मको अन्तिम विज्ञान लय हुनेबित्तिकै अर्को जन्मको प्रथम विज्ञान उभिहाल्छ ।"

"भन्ते ! तपाईंले ठीक भन्नुभयो ।"

**१०. पुनर्जन्मबाट मुक्त हुने ज्ञान**

राजाले भन्नुभयो– "भन्ते ! जसले यसपछि जन्म-ग्रहण गर्नुहुन्न उनले के यो कुरो थाह पाउनुहुन्छ कि म फेरि जन्म-ग्रहण गर्नेछुइँन ।

"हो महाराज ! उनले यो कुरो थाह पाउनुहुन्छ कि म फेरि जन्म-ग्रहण गर्नेछुइँन ।"

"भन्ते ! उनले कसरी यो कुरो थाह पाउनुहुन्छ ?"

"महाराज ! फेरि पनि जन्म-ग्रहण गर्ने जुन हेतु (मूल कारण) र प्रत्यय (आधार, सहारा) हुन्छन् ती शान्त र नष्ट भएर जानाले उनले थाह पाउनुहुन्छ कि म फेरि जन्म-ग्रहण गर्नेछुँइन ।"

"कृपा गरेर उपमा दिएर सम्झाउनुहोस् ।"

"महाराज! कुनै कृषकले हलो जोतेर बीउ रोपेर (फलेपछि) आफ्नो अन्न भण्डार (अन्न ढुकुटी) भर्छ । त्यसपछि केही कालसम्म हलो नजोती, बीउ नरोपी जम्मा गरेर राखेको अन्न बसीबसी खान्छ, अथवा बाँड्छ, आफ्नो अर्कै काममा खर्च गर्छ । महाराज! त्यसो गर्दा के त्यो कृषकले जान्दैन कि मेरो भण्डार अब भरी छैन (बरू रित्तिएर गइरहेको छ) ?"

"हो भन्ते ! यसले अवश्य जान्दछ ।"

"कसरी जान्दछ ?"

भण्डार भर्ने जुन हेतु र प्रत्यय हुन् ती बन्द भएर जानाले ।

"महाराज ! यसरी नै फेरि पनि जन्म-ग्रहण गर्ने जुन हेतु र प्रत्यय हुन् ती शान्त र नष्ट भएर जानाले उनले यो कुरो जान्नुहुन्छ कि म फेरि जन्म-ग्रहण गर्नेछुइँन ।"

"भन्ते ! तपाईंले ठीक कुरो भन्नुभयो ।"

**११. ज्ञान तथा प्रज्ञाको स्वरूप र उद्देश्य**

राजाले भन्नुभयो– "भन्ते ! जसको ज्ञान उत्पन्न हुन्छ उनको के प्रज्ञा पनि उत्पन्न हुन्छ ?"

"हो महाराज ! उनको प्रज्ञाको पनि उत्पन्न हुन्छ ।"

"भन्ते ! के ज्ञान र प्रज्ञा दुवै एउटै चीज हुन् ?"

"हो महाराज ! ज्ञान र प्रज्ञा दुवै एउटै चीज हुन् ।"

"भन्ते ! यस्तो कुरो हो भने उनलाई कुनै विषयमा मोह (मूढता, भ्रान्ति, अज्ञान) हुन्छ कि हुँदैन ?"

"महाराज ! उनलाई कतिपय विषयहरूमा मोह हुँदैन र कतिपय विषयहरूमा हुन्छ ।"

"कुन विषयहरूमा मोह हुँदैन र कुन विषयहरूमा मोह हुन्छ ?"

"महाराज ! जुन विद्याहरू उनले पढ्नु भएको छैन, जुन देशहरूमा जानु भएको छैन तथा जुन कुराहरू उनले सुन्नु भएको छैन ती विषयहरूमा उनलाई मोह हुन्छ ।"

"अनि कुन विषयहरूमा मोह हुँदैन ?" *क्रमशः*



Downloaded from http://www.dhamma.digital

# स्वास्थ्य सेवा, म र रक्तदान

■ **सुश्री तारादेवी तुलाधर** *(प्रथम महिला रक्तदाता)*



*तत्कालिन स्थानिय विकास मन्त्री राजेन्द्र पाण्डेज्यूबाट सम्मानपत्र ग्रहण गर्नुहुँदै नेपालको पहिलो महिला रक्तदाता सुश्री तारादेवी तुलाधर*

एक साँझ 'उदाय् समाज' को कार्यालयमा शरद कसा:संगको कुरैकुरामा प्रसंगवस ब्लड डोनर्स एशोसिएसन नेपाल (ब्लोदान)को अभिनन्दन समारोहको कुरा निस्केको थियो । रक्तदानमा महिलाहरूलाई प्रोत्साहन दिने क्रममा मेरो अनुभवबारे जिज्ञासा राख्नुभयो । मैले आफ्नो अतीत कोट्याउँदै वि.सं. २०१८ सालका प्रथम पटक रक्तदान गरेको भन्दा उहाँ झस्किनु भयो । कारण, उहाँहरूको खोजीमा वि.सं. २०२२ सालका रक्तदाता सम्मको जानकारी रहेछ । अत्यन्त प्रसन्न मुद्रामा उहाँ उत्साहित हुनुभई पूर्व स्वयंसेवी रक्तदाताहरू मध्ये महिलाहरूमा म अग्रस्थान रेहेको तथ्य आफ्नो कार्यालय र ब्लड बैंकमा पुऱ्याएर यथोचित कदर गर्ने बताउनु भयो। यसरी अप्रत्यासित रूपमा वि.सं.२ २०६३ जेष्ठ ३१ गते विश्व रक्तदाता दिवस १४ जून २००६ को उपलक्ष्यमा नेपाल रेडक्रस सोसाइटीको केन्द्रीय भवन ताहाचलमा नेपालको पहिलो महिला रक्तदाताको रूपमा मलाई सम्मानित गर्नुभयो । उहाँहरू प्रति म हृदयदेखि आभारी छु ।

वास्तवमा मेरो जीवनको प्रारम्भिक समय देखि नै स्वास्थ्य क्षेत्रबाट प्रभावित भएको छ । सन् १९४९ तिर कालिङ्गपोङ्गको Convent School मा अध्ययन गरिरहेका हामी कारणवस काठमाडौं फर्किनुपऱ्यो र यहीं अध्ययन गर्दागर्दै सन् १९५३ अक्टोबरमा नेपालको पहिलो प्रसूति गृह निर्माण भईरहेको हुँदा त्यहाँ आवश्यक नर्सहरूको प्रशिक्षणको निम्ति गोरखापत्रमा विज्ञापन प्रकाशित भएको थियो । परिवारजनको हौसला तथा मामा पर्ने श्री दयावीर सिंह कंसाकारज्यूको प्रेरणामा सन् १९५३ को पहिलो ८ जनाको छनौटमा मैले भारतको इलाहाबाद स्थित कमला नेहरू मेमोरियल मेटरनिटी हस्पिटलमा १८ महिने Midwifery Course अध्ययन गर्न गएँ। त्यहाबाट फर्केर आउँदा नेपालमा प्रसूति गृह बनिसकेको थिएन । मलाई वीर हस्पिटलमा Civil Medicine को कोर्ष गर्नलाई विद्यादेवी, राधादेवी, चंचलादेवी आदि सिनियरहरूले सहयोग गर्नुभएको थियो ।

वीर हस्पिटलमा Civil Medicine को कोष गर्दागर्दै मेरा बुबाको अनन्य मित्र श्री धर्मादित्य धर्माचार्यज्यूको भाई डा. इन्द्रमानजीले एक भेटमा मलाई WHO ले प्रदान गर्ने Staff Nurse Course गर्न सल्लाह दिनुभयो। शान्त भवनसंगैको सुरेन्द्र भवनमा सञ्चालित उक्त अध्ययनको सिलसिलामा Midwifery Course सकाउनु आवश्यक थियो । त्यसको निमित व्यवस्था मिलाउँदा मैले उक्त कोर्ष पहिल्यै गरिसकको हुनाले बाँकी साथीहरूलाई Midwifery Course गराई मेरो निम्ति Operation Theatre/ Paediatric Card को विशेष तालिम लिन वि.सं. २०१५ मा नयाँ दिल्ली स्थित Edwin Hospital मा एकवर्ष कोर्ष लिन पुगें। त्यस विशाल हस्पिटलको भव्यताले मेरो मनमा ठूलो चुनौती र कौतुहलता जगाएको थियो ।

एकदिन म Edwin Hospital मा तालिमको सिलसिलामा शल्यक्रिया कक्षमा आफ्नो जिम्मेवारी पूरा गर्दै थिएँ । अचानक बिरामीलाई रगतको आवश्यकता पऱ्यो । आवश्यक रगत तुरून्त पूर्ति गर्न नसकेपछि ती शल्य चिकित्सकले शल्यक्रिया रोकेर आफैले Cross Match गरी आफ्नै रगत प्रदान गरी उक्त शल्यक्रिया सम्पन्न गरेको देख्दा म अत्यन्त प्रभावित भएको थिएँ त्यस हस्पिटलको सबै कर्मचारीहरूले उक्त डाक्टरको परोपकारी गुणको प्रशंसा गरेको आज पनि अविस्मरणीय छ। मलाई त्यो बेला दानीवर महासत्व राजाको कथा याद आएको थियो ।

वि.सं. २०१७ साल वैशाख ८ गते मैले प्रसूति गृहको सेवामा प्रवेश गरेको थिएँ। तत्पश्चात नर्सिङ्ग स्कूल क्षेत्रपाटी, श्रेष्ठ निवास सरूवा भएँ । वि.सं. २०१८ साल तिर एउटा किड्नी पत्थर सम्बन्धी शल्यक्रिया गर्न बिरामीलाई रगतको आवशयक पऱ्यो। त्यो बेला नेपालमा



Downloaded from http://www.dhamma.digital



*उदाय समाजको तर्फबाट पहिलो महिला रक्तदाता सुश्री तारादेवी तुलाधरलाई सम्मान गरिदै*

ब्लड बैंक थिएन। हाम्रो समाजमा रगत दिनु साह्रै जोखिमपूर्ण मानिन्थ्यो र बिरामीको पारिवारिक सदस्य वा आफन्तहरूबाट मात्र Cross Match गरी सिधै रगत उपलब्ध हुन नसकेपछि ती चिकित्सक सर्जनले मेरो Blood Group $O^{+ve}$ रहेको थाहा पाएर रगत दिनको निम्ति मलाई अनुरोध गर्नुभयो। त्यसबेला $O^{+ve}$ रगतलाई Cross Match गरी अरू सबै रक्त समूह भएकाहरूलाई दिइन्थ्यो। त्यसैले म Universal Donor Group मा परें। त्यतिबेला मैले समयको मर्म बुझेर बिरामीको अवस्था हेरें र अनायास डाक्टरलाई सोध्न पुगें– "के मैले रगत दिंदा उ बाँच्छ?" उहाँले आफ्नो प्रयास सकारात्मक रहने जानकारी दिंदा म तुरून्त तयार भएँ। Cross Match पनि भयो र ५०० मि.लि. रगत दिइयो। पछि सर्जनबाट Operation Success भएको थाहा पाउँदा मलाई असीम आनन्द आयो। यो नै मेरो पहिलो रक्तदान थियो। डाक्टर तथा नर्स साथीहरूबाट धेरै बधाई पाएँ। त्यही कुरा घरमा आएर सुनाउँदा मैले सबैको गाली पाएँ। शायद यो मेरो दुब्लो शरीरप्रति वहाँहरूको माया झल्केको थियो। तर म खुशी नैं थिएँ।

यसको करीव ७ महिना पछि वीर हस्पिटल मै ENT Case (कानको शल्यक्रिया) रगतको कारणले रोकेछ। रक्तदाताको खोजी गर्दै आखिर सर्जन डाक्टरले मलाई अनुरोध गर्नुभयो। म तुरून्तै तयार भईदिएँ। बिरामीको शल्यक्रिया सफल भयो। म आफूलाई धन्य सम्झें। यसरी रगद दिंदै गरेको थाहा पाएर हस्पिटलका नर्स साथीहरू, डाक्टरहरू तथा प्याथोलोजिष्टहरूले पटक पटक मेरो स्वास्थ्य बारे चासो देखाउनु हुन्थ्यो। तर मलाई रक्तदानबाट पाइने आनन्द अद्बितिय लाग्थ्यो।

यस्तै वि.सं. २०३३ मा एउटी महिलालाई आन्द्राको T.B भएकोले Operation गरेको थियो। तर केही समय पछि उनको घाउ बल्झेर फेरि खोल्नु पर्ने भयो। त्यतिबेला महांकालस्थान अगाडि ब्लड बैंक स्थापना भैसकेको थियो तापनि जनचेतनाको निकै कमी हुंदा सजिलै रगत पाइन्नथ्यो। पाँचवटा छोराछोरीकी आमा उक्त महिलालाई मेरो रगतले पुनर्जीवन पाउन मद्दत गऱ्यो। मेरो लागि यो गौरवको कुरा थियो।

यसरी मैले नेपालको स्वास्थ्य क्षेत्रमा सेवा गर्ने क्रममा वि.सं. २०३० साल ताका पाल्पा नर्सिङ्ग क्याम्पसको प्रमुख, र वि.सं. २०३१/३२ मा महाबौद्ध नर्सिङ्ग क्याम्पसको प्रमुख र वि.सं. २०४६ साल ताका शिक्षण अस्पतालमा Supervisor भई कार्यरत हुँदासम्म आफ्नो मातहतका स्वास्थ्यकर्मीहरूलाई रक्तदान गर्न तथा बिरामीको सेवा स्तर बढाउन यथाशक्य प्रोत्साहन गरेको महसुस हुन्छ। ती क्षणलाई सम्झँदा आज पनि सन्तोष र आनन्दको अनुभूति हुन्छ। हिजोआज सेवा निवृत भएपनि आफ्नो समय यथाशक्य स्वास्थ्य सेवामा समर्पण गरिरहेकी छु। न्ह्योखा टोल स्थित जन चिकित्सालय र धर्मकीर्ति विहारको स्वास्थ्य क्लिनिक सञ्चालनमा स्थापना कालदेखि संयोजक भई स्वयंसेवीको रूपमा कार्य गरिरहेकी छु साथै परोपकार संस्थामा पनि सञ्चालक सदस्यको रूपमा कार्यरत छु। यहाँ प्रत्येक वर्ष रक्तदान शिविरको आयोजना हुने गर्छ।

यसरी म नेपालको स्वास्थ्य सेवाको प्रगतिको स्वरूप अनुभव गर्न पाईरहेकी छु।

रगत जस्तो गम्भीर समस्याको समाधान गर्न कुनै एक व्यक्ति विशेष मात्रले नसक्ने हुँदा केन्द्रीय रक्त संचार केन्द्र तथा ब्लड डोनर्स एशोसिएशन नेपालले रक्तदान गर्ने संघसंस्थाहरू बीच विभिन्न कार्यक्रमहरू राखी रक्तदान गर्न उत्प्रेरणा गर्नुका साथै रगतको नियमित आपूर्तिको लागि पहल गर्नु अति जरूरी छ। अस्तु।

*(नोट: नेपालका प्रथम महिला रक्तदाता सुश्री तारादेवी तुलाधर धर्मकीर्ति स्वास्थ्य कमिटीका संयोजक पनि हुनुहुन्छ।)*



Downloaded from http://www.dhamma.digital

# अनुभव – चारधाम वनाबलेया–५

■ ज्ञानकाजी शाक्य

**डुंग श्री गुफा-खुदं तक दुष्कर तपस्या यागु थाय्–**

ध्वयां लिपा निग सुमोया व्यवस्था याना। जिपिं सवा एक बजे विहार त्वता। निरंजना नदीया तहाकगु ता (पुल) पुला सोहैपुर जुका डुंग श्री धागु डांडाय् क्वसं थ्यंक वना। थनं ५, ७ मिनटया छक्वूचा पा: गया। ध्व पा: गय् थाय् स्वाहान दय्का तगु दु। स्वाहान पुचा यां ल्वंहया पहाड दुने मनू छम्ह जक फयतुना दुहां वने मागु, ख्यूंसे च्वंगु गुफा (Cave) दु। दुने च्याम्ह ति मनूत दना च्वने फइगु थाय् दु। थन हे छगू आसन दु। खुदं तक दुष्कर तपस्या याना क्वें व छ्यूंगु जक जूम्ह सिद्धार्थ गौतमया मूर्ति छगू न दय्का त:गु दु।

थजागु अनकण्टार व निर्जन थासे कपिलवस्तुया राजदरवार त्वता सिद्धार्थ गुगु मनं तपस्या याये फत जुइ। व न २५, २६ सय वर्ष न्ह्यो गुब्ले कि शायद ध्व थाय् घनघोर जंगल जुइमा, हिंस्रक पशु त व पंछीतयसं न दु:ख ब्युगु जुइमा, ततधिंकपिं भूती माक: त (ढेंख्वा बाँदर) ला आतकं खने दु। भौतिक सुखशयल त्वता, दरवारया विलासिता त्याग याना छम्ह क्षत्रीय राजकुमारं संसारया दु:ख निवारण यायेगु दृढ मनस्थितिं मखा थजागु कष्टकर पला: छिइ फुगु ? सम्पूर्ण मानवया हितया लागि थ:गु व्यक्तिगत स्वार्थ त्वता थथे दु:ख याये फुम्ह महापुरुषया झीपिं नेपालीत वसपोलया हे सन्तान जूसां, वसपोलया थें जागु गुण मध्ये १% जक भ्हीसं अनुशरण याये फुगु जूसा थौं नेपाया ख्वापा हे गुलि बांलाइगु जुइ ? ध्व खंय् नेपामितयसं गंभीररूपं ध्यान त:सा गुलिज्यू धैगु मति वन ध्व गुफाय् ध्यान मग्न जुया वले। मानवहितया लागि सम्पूर्ण जीवन समर्पण याये फुम्ह वसपोल शान्तिया अग्रदूत व थौंया भ्ही नेपामिपिं गपाय्सकं विपरीत ध्रुवया मनूत थें जुया च्वंगु, शक्ति व सम्पत्तिया लागि थ:थिति मधाय् धुन भ्हीसं। थ:गु स्वार्थे बाधा जुलकि सिघय्का हे छ्वय् मागु गजागु नीति भ्हीसं ज्वना च्वना ? कतया दु:खया थ्गु दु:ख भ्हीसं भापिइगु गबले ? थजागु चिन्तन धका मनेलुल व गुफां दुने पलख च्वना बले।

**सुजातां खीर दान ब्यूगु थाय्**

डंगू श्री डांडां तातापाक हिसिचा दुगु पहाड त खने दु, थजाथाय् वाउंगु जंगल कम, अप्व याना ल्वंहया पहाड जक। डंगु श्री डांडा जिपिं निरंजना नदीयात हे निक्व ति छिना (Cross याना) बकरौर धागु थाय् वया। लंपु पीच मखु। सुजातां खीर दान यागु गां जुया च्वन। थन वंग सिमा (वर पीपल) क्वसं चिचिग्वगु चिभात दय्का त:गु दु। निथाय् सुजातां बुद्धयात खीर दान याना च्वंगु मूर्तित दयका मन्दिरत नं निथाय् दयका तल। वंग सिमा पश्चिम पट्टिया मन्दिरे थथे च्वया तल–

This is the ancient place where Sujata of Village Senani (Bakrour) had offered milk rice to Siddhartha under Banyan tree. अर्थात् सेनानी (वकरौर) गांया सुजातां बरमाया क्वसं सिद्धार्थयात् खीर दान ब्यूगु थन हे ख:।

**महाबोधि महाविहार**

जिपिं डुंग श्री व सुजाता मन्दिर चाहिला करीब ३ घण्टा लिपा बुद्धगयाया महाबोधि महाविहार थ्यंक वया। ध्व महाविहार दुहां वने न्ह्यो, ध्वाखा न्ह्योने "विहार भक्ति आन्दोलन अन्तरराष्ट्रिय सम्पर्क" या बोर्ड थथे च्वया तल–

*जिस धरती पर बुद्ध चले थे*
*हम भी उसपर चलते हैं*
*इसलिए दुनिया में कही भी रहो*
*गर्व से कहो*
*कह विहारी है।*

*अर्थात्–*

*गुगु धरतीइ बुद्धं पलाछित*
*जिमीसं न उकि हे पला छिना च्वना*
*अथे जुया संसारे न्ह्यात्थाय् हे च्वंसा*
*गर्व याना धा*
*जिपिं विहारी ख:।*

ध्व उक्तियात जिं बांलाक थुइके मफु। विहारया भुमिइ बुद्धं पलाछ्युगुया कारणं ध्व भूमि पुण्य भूमि जूगु थें ता:। बुद्ध थन मबिज्यागु जूसा ध्व सामान्य से सामान्य धर ती जुइगु, छु मूल्य मदुगु, उकिं विहारी धंका घमण्ड मयासे बुद्धया अनुयायी धका धाय फुगु जूसा शायद थौंया विहार विकृतावस्थां मुक्त जुइ खै। महाविहार दुनेया वातावरण अति हे शान्त दु। देशी, विदेशी मनत, आस्थावान् तीर्थयात्रीपिं पर्यटकपिं दुंहा पिंहा जुया च्वंगु खने दु। छचाखेरं भव्य व सुन्दर क्यबत दयका तगु दु। ल: त्वनेगु हिटीया व्यवस्था व शौचालयया व्यवस्था बांला। मनुतय् कालकुल स: छुं ताय मदु। सकलें शान्त खने दु। दुने बीचे लाक्क स्वाहानं क्वाहां वनेव महोवोधि मन्दिर आकर्षक ढंगं दना च्वंगु दु। ध्व मन्दिर दुने बुद्धया भव्य मूर्ति दु, जाज्वल्यमान खने दुगु ध्व मूर्ति न्ह्योने दर्शनार्थीत गुलिं वन्दना याना लिहां वया च्वन, गुलिं बंय् फेतुना प्रार्थना याना च्वन। ध्व मूर्ति ल्यूने त:मागु वंगल सिमा (पिपल) दु। ध्व बोधिवृक्ष जुया च्वन - ध्व हे वोधिवृक्षया क्वे वज्रासने ध्यान मग्न जुया सिद्धार्थ गौतम बोधिज्ञान अर्थात् बुद्धत्व प्राप्त याना बिज्यागु जुया च्वन।

*क्रमश:*



Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति विहार — गतिविधि

*२०६४ फाल्गुण ११ गते*

**विषय– मिलिन्द प्रश्न**

*प्रस्तुती- अमीर कुमारी शाक्य*

यसदिन श्रद्धेय धम्मवती गुरुमांले भिक्षु संघ परिहरण विषयमा अभेद्य परिषदलाई लिई श्रेष्ठ धर्म र सबै सत्वहरूको हितकरण विषयमा मिलिन्द राजाको प्रश्न एवं नागसेन भन्तेको उत्तर प्रस्तुत गर्नुभएको थियो । यी मध्ये यहाँ अभेद्य परिषद विषयमा उल्लेख गर्दैछु । अभेद्य परिषद विषयमा मिलिन्द राजाले नागसेन भन्तेसंग यसरी प्रश्न गर्नुभएको थियो–

यदि तथागतसंग भिक्षु परिषदमा भेदभाव नभएकोले अभेद्य भनिएको भनी भनिएको कुरो सत्य हो भने देवदत्तले पाँचसय भिक्षुहरूलाई परिषदबाट संघ भेद गरेर लगेको कुरो पनि असत्य भइयो । यदि देवदत्तले पाँचसय भिक्षुहरूलाई यसरी संघ भेद गरेर लगेको कुरो सत्य हो भने भगवान् बुद्धको भिक्षु परिषद अभेद्य (भेदभाव नभएको) भन्ने कुरा भूठ भएन र ? यस प्रश्नको उत्तर नागसेन भन्तेले यसरी प्रष्ट पार्नु भयो– "महाराज ! यी दुबै कुरो सत्य हुन् । भेद गर्ने व्यक्तिहरूले जसलाई पनि भेद उत्पन्न गरिदिन सक्छ । उनीहरूले छोरा र आमा बीचपनि फाटो ल्याइदिन सक्छ । श्रीमान् श्रीमती बिच पनि फाटो ल्याउने काम गर्न सक्छ । यसरी नै भगवन् बुद्धको भिक्षु परिषदमा पनि देवदत्तले फाटो श्रृजना गरी ५०० जना भिक्षुहरू छुट्टिएर गएका थिए । यसरी नागसेन भन्तेको उत्तर सुनी राजा मिलिन्द सन्तुष्ट भई भन्तेप्रति कृतज्ञ भए ।

*२०६५ बैशाख २१ गते ।*

**विषय– कुशल अकुशल धर्म**

*स्थान- धर्मकीर्ति विहार, श्रीघः नःघः*

*प्रस्तुति- मिनरवती तुलाधर*

यसदिन श्रद्धेय धर्ममूर्ति भन्तेले प्रवचन दिनुहुँदै भन्नुभयो– हामीले आफ्नो स्वतन्त्र मनले चिन्तन मनन गरि ठीक बेठीक छुत्याउन सक्यौं भने मात्र मनले शान्ती प्राप्त गर्न सकिनेछ । यसको लागि हामीले आफ्नो चञ्चल मनलाई नियन्त्रणमा लिने गर्नु पर्दछ । किनभने हाम्रो मन कुशल र अकुशल तर्फ बगिरहेको हुन्छ ।

१. कुशल पक्ष– असल राम्रो चित्त वा कुशल चित्त उत्पत्ति हुँदा आफुलाई र अरूलाई हितोपकार गर्ने चेतना उत्पत्ति हुनेछ ।

२. अकुशल पक्ष– खराब नराम्रो चित्त वा अकुशल चित्त उत्पत्ति हुँदा मन दुषित हुने गर्छ । यस्तो चित्त उत्पत्ति हुँदा अरूलाई मार्ने, चोर्ने, बिगार्ने र अरूलाई दुःख दिने भावना उत्पन्न हुन थाल्छ । आफ्नो शरीर, वचन र मनबाट अरूलाई दुःख दिने र बदला लिने बचन र मनबाट अरूलाई दुःख दिने र बदला लिने नियत उत्पन्न हुन थाल्छ ।

त्यसैले हामीले आफ्नो चित्तलाई आफैले मूल्यांकन गर्नुपर्छ । नराम्रोपक्षलाई त्यागी राम्रो पक्षलाई समात्नुपर्छ ।

*२०६५ बैशाख २८ गते ।*

**विषय– मंगलसूत्र**

*प्रस्तुति- सुभद्रा स्थापित*

यसदिन श्रद्धेय सुजाता गुरुमांले मंगलसूत्र विषयमा प्रवचन गर्नुहुँदै भन्नुभयो– श्रमणहरूलाई दर्शन गर्नु उत्तम मंगल हो । तर कपाल मुण्डन गरी चीवर पहिरिदैमा श्रमण भन्न मिल्दैन । कोही लोभी र ठग पनि हुन सक्छ । जसले क्लेश, लोभ त्यागेर पापकार्य गर्दैन, त्यो व्यक्तिलाई श्रमण भनिन्छ ।

प्रज्ञावान व्यक्तिहरूसंग विभिन्न आँखाहरू हेर्नका लागि हुन्छन्–

१. बाहिरी दृष्य हेर्ने आँखा  २. ज्ञानको आँखा
३. अनित्य दुःख र अनात्मालाई चिन्ने प्रज्ञा आँखा
४. महाकरूणासमापति ध्यानद्वारा हेर्ने आँखा
५. सत्तलोक, संखार लोक र ओकास लोक हेर्ने आँखा

*चक्खु दस्सनलाई यसरी विभाजन गरिएको छ–*

१. सेवा दस्सना- अरूलाई सक्दो सहयोग गर्नु
२. उपट्ठान दस्सना- अरूलाई खुवाउने, पिलाउने गरी सेवा गर्ने।
३. सवनं दस्सना- ज्ञानगुणका उपदेश सुन्ने र सुनाउने र छलफल गर्ने ।
४. सत्संगत दस्सना- प्रज्ञावान सतसंगत गर्ने

प्रज्ञावान पण्डितहरूको संगत गर्नाले अशान्त मन शान्त र शीतल हुने गर्छ । उदाहरणको लागि अशोक महाराजले कलिङ्ग देश जितेपछि मन दाह र छतपट भएको अवस्थामा निग्रोध श्रमणेर भेट हुँदा मन आनन्द भई धर्मोपदेश सुन्ने इच्छा जागी आखिरमा बुद्धको शिष्य बनेका थिए ।

यसरी नै अजातशत्रुले आफ्नो बुबाको हत्यापछि पश्चातापको आगोले पोलेर छतपटिरहेको अवस्थामा बुद्धको दर्शन र धर्मोपदेशले शान्ति अनुभव गरेका थिए ।

# २५ औं पटकको रक्तदान कार्यक्रम सम्पन्न




*रक्तदान कार्यक्रम संचालन गर्नु अगाडि धर्मकीर्ति विहारका गुरुमांहरू लगायत उपासकोउपासिकाहरूबाट बुद्ध वन्दना गरिँदै*

*२०६५ ज्येष्ठ ४ गते ।*

*स्थान- धर्मकीर्ति विहार, श्रीघः, नःघः, काठमाडौं*

बु.सं. २५५२ औं बैशाख पूर्णिमाको उपलक्ष्यमा २५ औं पटकको रक्तदान कार्यक्रमको आयोजना गरिएको थियो । धर्मकीर्ति विहारको ४३ औं एवं धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको ३७ औं वार्षिकोत्सवको उपलक्ष्यमा सम्पन्न गरिएको उक्त रक्तदान कार्यक्रम थालनी गर्नु अगाडि वीर्यवती रमावती, ओभासवती र अमता आदि गरी चारजना गुरुमांहरूबाट बौद्ध परम्परा अनुसार सामूहिक बुद्ध वन्दना पाठ गरी कार्यक्रम शुरू गरिएको थियो ।

आफ्नो शरीरको कुनै हिस्सा त्याग गरी अरूको जीवन बचाउने कार्यलाई बुद्ध शिक्षानुसार दान उपपारमिताको तहमा राखिएको छ । त्यसैले रक्तदानलाई पनि दान उपपारमितामा लिइएको छ । त्यसैले धर्मकीर्ति विहारले रक्तदान कार्यक्रम २५ वर्ष अगाडि देखि निरन्तर रूपले संचालन गर्दै आइरहेको छ ।

यस अमूल्य कार्यक्रममा विभिन्न निकायको तर्फबाट विभिन्न धर्मप्रेमी महानुभावहरूले आ-आफ्नो क्षेत्रबाट आवश्यक सहयोग पुऱ्याउनु भई पूण्य सञ्चय गर्नु भएका छन् । उहाँहरूको नाम यसरी उल्लेख गरिएका छन्–

संस्था- धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी

सहयोगीहरू– अमृत रत्न ताम्राकार, विद्यासागर रंजित, इलन श्रेष्ठ रञ्जित, विनु तुलाधर, तारादेवी तुलाधर (नर्स), रोशन काजी तुलाधर, डा. चन्द्रेशरत्न तुलाधर, कमल मैंया वज्राचार्य, ज्योतीरत्न स्थापित, शरद कसाः (भू.पू. अध्यक्ष ब्लोदान), माया देवी महर्जन, मीन शोभा शाक्य, सुरेश मुनी शाक्य, रमा कंसाकार, केशरी शाक्य, अन्जना तुलाधर, रमावती गुरुमां आदि ।

संस्था- रक्तसंचार केन्द्र

सहयोगीहरू– १. राम श्रेष्ठ (Programme Officer)
२. रमीता महर्जन (Technician Nurse)
३. विनयता (Technician Nurse)
४. रचना (Technician Nurse)
५. सुस्मीता (Technician Nurse)
६. राजकाजी (Helper)

धर्मकीर्ति स्वास्थ्य कमिटीका सदस्य स्वयम्भूरत्न तुलाधरको संयोजकत्वमा एवं ध.बौ.अ.गोष्ठीका सदस्यहरूको सहयोगद्वारा संचालित उक्त कार्यक्रममा जम्मा ८१ जना रक्तदाताहरूले रक्तदान दिनुभएका थिए ।

*रक्तदाताहरूको रजिष्टर नम्बर र नामावलीहरू–*

| *सि.नं* | *रजिष्टर्ड नं.* | *रक्तदाताको नाम/थर* |
|---|---|---|
| १ | १८१९८ | शान्ति स्थापित |
| २ | १८१९९ | अमित जोशी |
| ३ | १८२०० | सुभद्रा स्थापित |
| ४ | १८२०१ | राजभाई तुलाधर |
| ५ | १८२०२ | पूर्ण केशरी महर्जन |
| ६ | १८२०३ | रितेश श्रेष्ठ |
| ७ | १८२०४ | ज्ञानी महर्जन |



Downloaded from http://www.dhamma.digital



फोटो- अरुणसिंह तुलाधर

रक्तदान गर्नुहुँदै धर्मकीर्ति विहारका गुरुमांहरू

| | | |
|---|---|---|
| ८ | १८२०५ | प्रज्वल रत्न स्थापित |
| ९ | १८२०६ | सुनिल काजी वज्राचार्य |
| १० | १८२०७ | युकी महर्जन |
| ११ | १८२०८ | क्षान्तीवती गुरुमां |
| १२ | १८२०९ | रश्मिला मानन्धर |
| १३ | १८२१० | साधना मानन्धर |
| १४ | १८२११ | मचाकाजी महर्जन |
| १५ | १८२१२ | वण्णवती गुरुमां |
| १६ | १८२१३ | सृजना वज्राचार्य |
| १७ | १८२१४ | स्तुती ताम्राकार |
| १८ | १८२१५ | हीरा देवी महर्जन |
| १९ | १८२१६ | लक्ष्मी महर्जन |
| २० | १८२१७ | लजना जोशी |
| २१ | १८२१८ | सुर्वण तुलाधर |
| २२ | १८२१९ | शहनशीला तुलाधर |
| २३ | १८२२० | मदनरत्न मानन्धर |
| २४ | १८२२१ | करूणा मानन्धर |
| २५ | १८२२२ | अमोध मानन्धर |
| २६ | १८२२३ | विनोद कृष्ण जोशी |
| २७ | १८२२४ | रेणु मानन्धर |
| २८ | १८२२५ | महेश मुनिकार |
| २९ | १८२२६ | मिनु तुलाधर |
| ३० | १८२२७ | नानी मैंया महर्जन |
| ३१ | १८२२८ | अनु जोशी (प्रधान) |
| ३२ | १८२२९ | अनिल कृष्ण जोशी |
| ३३ | १८२३० | निरज श्रेष्ठ |
| ३४ | १८२३१ | रविना महर्जन |
| ३५ | १८२३२ | नविन कुमार तामाङ्ग |
| ३६ | १८२३३ | निमिष बनिया |
| ३७ | १८२३४ | सबृना श्रेष्ठ |
| ३८ | १८२३५ | प्रमोद रत्न शाक्य |
| ३९ | १८२३६ | रोशना तुलाधर |
| ४० | १८२३७ | सुवर्ण मानन्धर |
| ४१ | १८२३८ | सबिना महर्जन |
| ४२ | १८२३९ | संजय महर्जन |
| ४३ | १८२४० | रत्न काजी महर्जन |
| ४४ | १८२४१ | न्हुच्छे माया महर्जन |
| ४५ | १८२४२ | युद्ध बहादुर तामाङ्ग |
| ४६ | १८२४३ | नविन शाक्य |
| ४७ | १८२४४ | अनीता महर्जन |
| ४८ | १८२४५ | करूणा मानन्धर |
| ४९ | १८२४६ | ज्ञानेन्द्र महर्जन |
| ५० | १८२४७ | अमृतमान शाक्य, भिक्षु |
| ५१ | १८२४८ | केशावती गुरुमां |
| ५२ | १८२४९ | अगम्य रत्न कंसाकार |
| ५३ | १८२५० | श्रृजना श्रेष्ठ |
| ५४ | १८२५१ | राहुल अग्रवाल |
| ५५ | १८२५२ | सुशील कंसाकार |
| ५६ | १८२५३ | रमा कंसाकार |
| ५७ | १८२५४ | राजन श्रेष्ठ |
| ५८ | १८२५५ | केशरी महर्जन |
| ५९ | १८२५६ | शहना मानन्धर |
| ६० | १८२५७ | रवि श्रेष्ठ |
| ६१ | १८२५८ | सरोज मानन्धर |
| ६२ | १८२५९ | संगीता मानन्धर |
| ६३ | १८२६० | मीरू तुलाधर |
| ६४ | १८२६१ | किशोर मान डंगोल |
| ६५ | १८२६२ | उद्धव लाल कायष्ठ |
| ६६ | १८२६३ | प्रमीला कंसाकार |
| ६७ | १८२६४ | रोशन काजी तुलाधर |
| ६८ | १८२६५ | सर्वज्ञ रत्न बनिया |
| ६९ | १८२६६ | चैत्य बहादुर नकर्मी |
| ७० | १८२६७ | इन्द्रकुमार नकर्मी |
| ७१ | १८२६८ | दिनेश शाक्य |
| ७२ | १८२६९ | विजय रत्न तुलाधर |
| ७३ | १८२७० | अरूण शिद्धि तुलाधर |
| ७४ | १८२७१ | सुवण्णवती गुरुमां |
| ७५ | १८२७२ | सुप्रबुद्ध शाक्य |
| ७६ | १८२७३ | राजीव कुमार सिङघल |
| ७७ | १८२७४ | भूषण कुमार सिङघल |

| | | |
|---|---|---|
| ७८ | १८२७५ | हरी कृष्ण कपाली |
| ७९ | १८२७६ | अमता गुरुमां |
| ८० | १८२७७ | खेमावती गुरुमां |
| ८१ | १८२७८ | आनन्द तुलाधर |

यसपालीको रक्तदान कार्यक्रम संचालनार्थ आवश्यक आर्थिक सहयोग एवं रक्तदाताहरूका लागि जूस र अनित्यता झल्काउने पोष्टर उपहार चिन्ह स्वरूप प्रदान गर्नुहुने दाता महाराज गंज चक्रपथ निवासी श्री पद्म रत्न तुलाधर, श्रीमती रञ्जना तुलाधर हुनु हुन्थ्यो ।

यसरी नै रक्तदाताहरूलाई मिठाई, कोकाकोला, दूध, जूस पोलिथिन झोला, कागजको रिकापी आदि दान गर्नुहुने दाताहरूको नाम यसरी रहेको थियो– जयवती गुरुमां, वीर्यवती गुरुमां, केशरी शाक्य, इन्द्रमान पुचः, कीर्तिमैया, मायादेवी महर्जन, लक्ष्मीकुमारी, इन्द्रमाया, कृष्णदेवी महर्जन, भोजन पुचः, जुजुभाई, सुभद्रा स्थापित, तीर्थमाया महर्जन, रत्नदेवी मानन्धर, गोपालकृष्ण मानन्धर आदि ।

प्रत्येक वर्ष बैशाख पूर्णिमाको अघिल्लो शनीबारका दिन संचालन हुँदै आइरहेको यस रक्तदान शिविरमा यसपाली रक्तदाताहरूलाई रमावती गुरुमांले रक्तचाप नापी सहयोग गर्नुभएको थियो ।

## बुद्धपूजा, विपश्यना ध्यान र दीपावली

*२०६५ जेठ ७, धर्मकीर्ति विहार*

२५५२ औं बुद्धपूर्णिमाको उपलक्ष्यमा धर्मकीर्ति विहारमा विहान र बेलुकी बुद्धपूजा, धर्मदेशना कार्यक्रम सम्पन्न गरिएको थियो भने बेलुकी विपश्यना ध्यान र श्रीघः चैत्य परिसरमा दीपावली पनि गरिएको थियो ।

## धर्मकीर्ति स्वास्थ कमिटीद्वारा धर्मकीर्ति शिक्षासदनका विद्यार्थीहरूलाई निशुल्क स्वास्थ परिक्षण

धर्मकीर्ति विहार अन्तर्गत शिक्षाको क्षेत्रको विकासको लागि स्थापित धर्मकीर्ति शिक्षा सदनमा २०६५ जेष्ठ १७ गते शनिबार धर्मकीर्ति स्वास्थ कमिटीको तर्फबाट विद्यार्थीहरूको निशुल्क स्वास्थ परिक्षण तथा औषधि वितरण गरियो । धर्मकीर्ति शिक्षा सदनका विद्यार्थीहरूको खानपान तथा अन्य समस्याहरूलाई दृष्टिगत गरि उनीहरूको स्वास्थ्यको लागि विशेष रूपले यो परीक्षण तयार गरिएको हो । उक्त स्वास्थ परिक्षणेमा डा. चन्द्रेश रत्न तुलाधर बाल विषेशज्ञ तथा वरिष्ठ स्वास्थ सहायक तारादेवी तुलाधर तथा धर्मकीर्ति स्वास्थ कमिटीका संयोजक रोशन काजी



*शिक्षा सदनमा बालबालिकाहरूको स्वास्थ्य परिक्षण गर्नुहुँदै डा. चन्द्रेशरत्न तुलाधर*

तुलाधरहरू संलग्न रहनुभएका थिए भने उक्त कार्यक्रमलाई अझ प्रभावशालि बनाउन अनुपमा गुरुमांको पनि विशेष उपस्थिति रह्यो । डा. चन्द्रेशरत्न तुलाधरले शिक्षा सदनका विद्यार्थीहरूको सम्पूर्ण स्वास्थ्य परिक्षण तथा अभिभावक-हरूसंग छलफल गरि उनीहरूको स्वास्थ बारे विशेष सरसल्लाह प्रदान गर्नु भयो तथा आवश्यक औषधिहरू पनि वितरण गरियो ।

यो कार्यक्रम आयोजना गर्नुको उद्देश्य बारेमा आफ्नो मन्तव्य व्यक्त गर्नुहुँदै धर्मकीर्ति शिक्षा सदनका प्रिन्सिपल कीर्ति तुलाधरले भन्नुभयो– बालबालिकाहरूको स्वास्थ राम्रो भएन भने उनीहरूको बौद्धिक विकासमा बाधा हुने हुँदा सर्वप्रथम उनीहरूका स्वास्थ राम्रो हुनुपर्दछ । विद्यार्थीहरूलाई स्कूलबाटै खाना दिने भएको हुँदा उनीहरूको (Nutrition) पौष्टिक आहारको बारेमा पनि विशेष विचार पुऱ्याउनु आवश्यक छ । किनभने जहाँ स्वास्थ राम्रो हुन्छ, त्यहाँ वौद्धिक विकासको पनि सम्भव हुन्छ ।

**बैशाख पूर्णिमाको उपलक्ष्यमा अस्पतालमा विस्कुट वितरण**

२५५२ औं बैशाख पूर्णिमाको उपलक्ष्यमा जेठ ७ गतेका दिन धर्मकीर्ति विहारका गुरुमांहरू लगायत उपासिकाहरूको समूहले वीर अस्पतालमा विरामीहरूलाई सिघ्र स्वास्थ्य लाभको कामना गर्दै विस्कुट प्रसाद वितरण गरिएको थियो ।

## अहोरात्री अभिधर्म पाठ सम्पन्न

२०६५ जेठ ६, *लुम्बिनी ।* लुम्बिनी स्थित मायादेवी मन्दिर परिसरमा धर्मकीर्ति विहारको आयोजनामा गुरुमांहरूको समूहबाट अहोरात्री अभिधर्म पाठ गरिएको छ । २५५२ औं बैशाख पूर्णिमाको उपलक्ष्यमा संचालित उक्त कार्यक्रम धम्मवती गुरुमांको नेतृत्वमा सम्पन्न गरिएको थियो ।



Downloaded from http://www.dhamma.digital

# मैत्री बोधिसत्व विहारमा ५१ औं पटकको बुद्धपूजा



*मैत्री बोधिसत्वविहारमा "गुलुपा: म्ये मुना" पुस्तक विमोचन गर्नुहुँदै" धम्मवती गुरुमाँ*

*२०६५ वैशाख ३० गते*
*स्थान- मैत्री बोधिसत्व महाविहार, जमल ।*

मैत्री बोधिसत्व महाविहार सुधार सहयोग समितिको आयोजनामा एवं पूज्य धम्मवती गुरुमांको नेतृत्वमा प्रत्येक महिनाको शुक्लपक्ष अष्टमीका दिन सञ्चालन हुँदै आइर हेको बुद्धपूजा कार्यक्रम अनुसार यसदिन ५१ औं पटकको बुद्ध पूजा कार्यक्रम सम्पन्न गरिएको थियो ।

पूज्य धम्मवती गुरुमांले शील प्रार्थना गराउनु हुँदै बुद्धपूजा र धर्मदेशना गर्नु भएको उक्त कार्यक्रममा उहाँले बैशाख पूर्णिमाको महत्व विषयमा प्रकाश पार्नुभएको थियो । मन्तव्य व्यक्त गर्ने क्रममा मैत्री बोधिसत्व विहार सुधार सहयोग समितिका अध्यक्ष श्री श्याममान वज्राचार्यज्यूले पूज्य धम्मवती गुरुमांको नेतृत्वमा बुद्ध पूजा कार्यक्रम संचालन गरेपछि मैत्री बोधिसत्व विहारको महत्वलाई जनमानसमा चिनाउँदै जान सकेको कुरा उल्लेख गर्नुभयो । यसको साथै महिना पिच्छे बुद्धपूजा र भजन गरी बुद्ध शिक्षा प्रचार गर्न र बुद्ध शासनलाई टेवा दिन महिना पिच्छे जलपानदाता को रूपमा भाग लिनुहुने श्रद्धालु महानुभावहरू प्रति पनि आभार व्यक्त गर्नुभयो ।

धर्मदेशना कार्यक्रम पश्चात् उपहार प्रदान कार्यक्रमको थालनी भएको थियो । यस कार्यक्रमको सिलसिलामा मैत्री बोधिसत्व विहारलाई सहयोग गर्नुहुने विभिन्न व्यक्तित्वहरू लगायत ४ वटा ज्ञानमाला भजन समूहहरूलाई सम्मान पत्र र मैत्री बोधिसत्वको आकर्षक मूर्ति र सम्मान पत्र उपहार स्वरूप प्रदान गरी खादा ओढाई सम्मान गरिएको थियो । यी उपहारहरू पूज्य धम्मवती गुरुमांबाट प्रदान गराइएको थियो ।

उपहार प्रदान गरी सम्मान गरिएका दाता व्यक्तिहरूको नामावली यस प्रकार रहेको छ ।

*सम्मान गरिएका व्यक्तिहरू र सहयोग विवरण यसप्रकार रहेको छ–*

१. केशरीलक्ष्मी कंसाकार, जमल (सुनको गजुर र विहारको चारबसर्जामा पितलको छानाले सजाएको )
२. द्रव्यमान सिंह तुलाधर, जयनेपाल, (मूर्तिमा सुनको जलप लगाइएको)
३. पञ्चवीरसिंह तुलाधर, लाजिम्पाट (मन्दिरमा तामाको छाना र पता: राखी सजाइएको)
४. स्व. तेजानन्द वज्राचार्यको पूण्यस्मृतिमा श्रीमती कान्छी माया वज्राचार्य र छोरो राजेन्द्र वज्राचार्य (मन्दिरमा ६ वटा झ्याल राखी सजाउने व्यवस्था मिलाएको)
५. मोहन सर्राफ (मन्दिरको चोकमा ट्रस राखिएको)

यसरी नै महिना पिच्छै पालो पालो गरी भजन प्रस्तुत गर्नुहुने ज्ञानमाला भजन समूहहरूलाई पनि सम्मान पत्र प्रदान गरिएको थियो ।

*प्रमाण पत्रप्राप्त गरी सम्मान प्राप्त भजन समूहरू*

१. धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन समूह

२. स्वयम्भू ज्ञानमाला भजन समूह
३. श्रीघः ज्ञानमाला भजन समूह
४. अन्नपूर्ण ज्ञानमाला भजन समूह

यही शुभ अवसरमा जीवरत्न, लानीदेवी स्थापित परिवारद्वारा प्रकाशित पुस्तक "गुलुपाः म्ये मुना" पुस्तक धम्मवती गुरुमांबाट विमोचन गरिएको थियो भने कार्यक्रममा उपस्थित श्रद्धालु महानुभावहरूलाई मैत्री बोधिसत्वको पोष्टर र "गुलुपाः म्ये मुना" पुस्तक वितरण गरिएको थियो ।

कार्यक्रमको अन्त्यंमा मैत्री बोधिसत्व विहार सुधार समितिका उपाध्यक्ष श्रीमती सुवर्ण केशरी चित्रकारबाट धन्यवाद ज्ञापन गर्नुभई सभा विसर्जन गरिएको थियो ।

उक्त कार्यक्रममा उपस्थित महानुभावहरूलाई जलपान भोजनको व्यवस्था पनि गरिएको थियो ।

## दान गरेको आँखा प्रत्यारोपण भएको बारे

*मध्यपुर थिमि नगर-५,* छुवासः टोल निवासी समाजसेवी उपासक सानुबाबु ध्याको ४४ वर्षको उमेरमा गत ०६५ जेष्ठ १, बुधबार दिनको ११ बजे यस अनित्य, भौतिक संसारबाट सदाको निम्ति बिदा भै देहावसान हुँदा मनोहरा खोला स्थितको मसानघाटमा मृतकका जहान, छोराहरूको सहमतिमा तिलगंगा आँखा बैंकलाई दुईवटै आँखा दान गरियो । यसरी दान गरी निकालीएका आँखा द्वयमध्ये एउटा आँखा भोलिपल्ट नै सुदूर पश्चीम नेपाल-धनगढीस्थितकी ७ वर्षीय "चन्द" थरकी बालिकालाई सफल प्रत्यारोपण गरेको छ भने अर्को आँखा मित्रराष्ट्र भारतका ६४ वर्षिय बृद्धलाई सफल प्रत्यारोपण गरेको बुझिन आएको छ । यसरी मृत्यु पश्चात दान गरेको पुण्यानुभावले मृतक समाजसेवीको सद्गति र निर्वाण कामना समेत गरेका छौं । निब्बानस्स पच्चयो होतु !

## बुद्धपूजा, धर्मदेशना र ज्ञानमाला भजन सम्पन्न

*२०६५ ज्येष्ठ ३ गते, ज्याठा*

ज्याठा निवासी दानमाया प्रजापति प्रमुख सपरिवार को तर्फबाट चैत्य जिर्णोद्धार र वार्षिकोत्सवको उपलक्ष्यमा बुद्ध पूजा कार्यक्रमको आयोजना गरिएको थियो । श्याममान वज्राचार्यले संचालन गर्नुभएको उक्त कार्यक्रममा वीर्यवती गुरुमांले पञ्चशील प्रार्थना गराउनुका साथै बुद्ध पूजा पश्चात् धर्मदेशना गर्नुभएको थियो ।

उक्त कार्यक्रममा धर्मकीर्ति ज्ञानमाला भजन समूहको तर्फबाट ज्ञानमाला भजन प्रस्तुत गरिएको थियो । दाता परिवारको तर्फबाट ज्ञानमाला भजनलाई रू. ५,५००/- चन्दा स्वरूप प्रदान गरिएको थियो । यसरी नै ध.की.ज्ञा.भजनका उपाध्यक्ष जुजुभाई शाक्यले पनि ध.ज्ञा. स्मृति चिन्ह दाता परिवारलाई प्रदान गरी सम्मान गरिएको थियो ।

## भद्रबन्दी कारागारमा बुद्धपूजा

काठमाडौं स्थित भद्रबन्दी कारागारमा भगवान् बुद्धको मूर्ति प्रतिस्थापना गरेको ४ वर्ष पुगेको उपलक्ष्यमा आयोजित कार्यक्रममा जेलका सबै कैदी, जेल प्रशासन र उपासकोपासिकाहरू सहितको समूहले बुद्धपूजा सम्पन्न गरिएको समाचार छ ।

कार्यक्रममा अखिल नेपाल भिक्षु महासंघका अध्यक्ष आचार्य भिक्षु कुमार काश्यप महास्थविरले पञ्चशील प्रार्थना गराउनु भएको थियो ।

बौद्ध शिक्षा तथा सामाजिक विकास केन्द्रले ४ वर्ष अगाडि उक्त बुद्ध मूर्ति प्रतिस्थापना गरिएको थियो । केन्द्रका महासचिव विजय रत्न तुलाधरले स्वागत भाषण गर्नुभएको उक्त कार्यक्रममा भिक्षु सुमेधले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

कार्यक्रममा भद्रबन्दी, केन्द्रीय र महिला कारागारमा कैदीहरूलाई उपहार प्रदान गरिएको थियो । केन्द्रको तर्फबाट कारागारमा आँखा शिविर, प्रसुति शिविर, दन्त शिविर संचालन गर्नुका साथै पुस्तकालयका लागि आवश्यक पुस्तक र फर्निचर वितरण कार्य पनि सम्पन्न गरिएका थियो ।

## दोस्रो वार्षिक पूण्य तिथि तथा स्मृति सभा

२०६५ जेष्ठ ४ गते शनिबारका दिन शाक्यमुनि विहार लुम्बिनीमा लुम्बिनी धर्मोदय उप-समितिको आयोजनामा दिवंगत श्रद्धेय भिक्षु विमला नन्द महास्थविर ज्यू को दोस्रो वार्षिक पुण्य तिथि तथा स्मृति सभा कार्यक्रम सम्पन्न भएको थियो । लुम्बिनी धर्मोदय उप-समितिका सभापति श्री चकोर मान शाक्य ज्यू को सभापतित्वमा शुरु भएको कार्यक्रममा प्रमुख अतिथि लुम्बिनी धर्मोदय समिति केन्द्रीय अध्यक्ष उद्योगपति श्री पद्म ज्योति ज्यू हुनु हुन्थ्यो । कार्यक्रममा उप-समितिका उपाध्यक्ष सुश्री शोभा शाक्य ज्यूले स्वागत मन्तव्य दिनुभएको थियो । धर्मोदय सभाले दिवंगत भिक्षु विमलानन्द ज्यूलाई अभिनन्दन पत्र दिने भनेर काठमाडौंमा कार्यक्रम राखिएको थियो । अकस्मात भन्ते ज्यू को मृत्युको कारण ले अभिनन्दन दिन नपाएको थियो । सोही कार्यक्रममा लुम्बिनी धर्मोदय समितिका केन्द्रीय



Downloaded from http://www.dhamma.digital

महासचिव सिल बहादुर ज्यू ले पढेर मरण उपरान्त अभिनन्दन पत्र स्मृति कक्षमा राख्नको लागि कार्यक्रमका सभापति ज्यूलाई हस्तान्तरण गर्नु भएको थियो। भने वहाँले भिक्षु विमला नन्द महास्थविर ज्यूको जीवनी प्रकाश पार्नु भएको थियो। मरण उपरान्त अभिनन्दन पत्र लुम्बिनी धर्मोदय का अध्यक्ष ज्यूले पनि हस्तान्तरण गर्नु भएको थियो। भने कार्यक्रममा बौद्ध संघ संस्थाहरू तर्फबाट पूर्ण माया महर्जन लुम्बिनी विकास कोषका उपाध्यक्ष डा. केशव मान शाक्य प्रमुख अतिथी श्री पद्म ज्योतिज्यूले दिवंगत भन्ते को जीवनीबारे आ-आफ्नो भनाई राख्नु भएको थियो। कार्यक्रममा ३३ वर्ष सम्म लुम्बिनीमा आफ्नो जीवन बिताई बौद्ध धर्मको प्रचार प्रसार गर्नु भएको हुनाले लुम्बिनी धर्मोदय उप-समितिले वहाँको शालिक शाक्य मुनि विहारमा राखीएको छ। उक्त शालिकको अनावरण श्रद्धेय भिक्षु अश्वघोष महास्थविरज्यूले गर्नु भएको थियो। भने दिवंगत भिक्षु को समाधि स्थलमा पनि पूजा तथा दिप प्रज्वलन गरिएको थियो। सो कार्यक्रममा लुम्बिनीमा बस्नु हुने राष्ट्र अन्तराष्ट्रिय भिक्षु भिक्षुणीहरू सहभागी हुनु हुन्थ्यो। बिहान ८ बजे बौद्ध भजन, बुद्ध पूजा, शील प्रार्थना गरिएको थियो। सो कार्यक्रम संचालन लुम्बिनी धर्मोदय उप-समितिका सह-सचिव सुवर्ण मुनि शाक्य ज्यू ले गर्नुभएको थियो।

## २५५२ औं बुद्ध पूर्णिमा महोत्सव सम्पन्न

*२०६५ ज्येष्ठ ७ गते।*

नेपाल अधिराज्यका विभिन्न रोचक कार्यक्रमहरू संचालन गरी २५५२ औं बुद्ध पूर्णिमा महोत्सव यसरी सम्पन्न गरिएको छ।

**१. आनन्दकुटी विहार, स्वयम्भू, काठमाडौं–**

विहान शील प्रार्थना, बुद्ध पूजा र बुद्धको आस्थिधातु प्रदर्शन गरी कार्यक्रम सम्पन्न गरिएको थियो। बुद्ध जयन्ती समारोह समितिको आयोजनामा क्षीर भोजन दान गरिएको थियो।

**२. श्रीघः विहार–**

२५५२ औं बुद्ध पूर्णिमा महोत्सवको उपलक्ष्यमा बुद्धमूर्ति सजाई श्रीघः विहार देखि शोभा यात्रा गरिएको थियो। भिक्षु, भिक्षुणी, उपासक, उपासिकाहरूको समूह लगायत बाजा गाजाका साथ रहेको उक्त शोभा यात्राले कुमारी रथ तान्ने रूट अनुसार घुमी श्रीघः विहारमा पुगी समापन गरिएको थियो।

बेलुकी श्रीघः ज्ञानमाला भजन प्रस्तुत गरी दिपावली पनि गरिएको थियो। श्रीघः ज्ञानमाला भजन समूहबाट साप्ताहिक बुद्ध पूर्णिमा महोत्सव अनुरूप साप्ताहिक ज्ञानमाला भजन पनि प्रस्तुत गरिएको थियो।

**३. धर्मविजय पदनम, गणमहाविहार–**

२५५२ औं बैशाख पूर्णिमाका उपलक्ष्यमा धर्मविजय पदनम गणमहाविहारले बौद्ध हाजिर जवाफ प्रतियोगिता कार्यक्रम सम्पन्न गरिएको थियो। उक्त प्रतियोगितामा मदन स्मारक मा.वि.ले प्रथम स्थान हासिल गरी रनिङ्ग शिल्ड प्राप्त गर्न सफल भएको थियो। ३ वर्ष सम्म लगातार प्रथम स्थान हासिल गरी उक्त विद्यालयले शिल्ड प्राप्त गर्न सफल भएको थियो। प्रतियोगितामा नेपाल आदर्श मा.वि. दोश्रो र त्रिपद्म विद्यालय तेश्रो भएका थिए। भिक्षु सोभितले विजयी विद्यालयहरूलाई प्रमाण पत्र र पुरस्कार प्रदान गर्नुभएको थियो। उक्त कार्यक्रममा बुद्ध पूजा, धर्मदेशना, परित्राण पाठ, ज्ञानमाला भजन, कल्पवृक्ष दान र क्षीर भोजन दान गरिएको कुरा बुझिन आएको छ।

**४. सरसफाई कार्यक्रम–**

२५५२ औं बैशाख पूर्णिमाको उपलक्ष्यमा एवं अन्तराष्ट्रिय सरसफाई दिवसको अवसरमा इचंगु नारायण स्थित हल्चोक माध्यमिक विद्यालय, आकाशभैरव र इचंगु नारायण मन्दिरको आसपासमा सरसफाई कार्यक्रम संचालन गरिएको समाचार छ। प्राप्त समाचार अनुसार कार्यक्रममा हल्चोक माध्यमिक विद्यालयका शिक्षक, छात्रछात्रा तथा स्थानिय सामुदायिक सेवा केन्द्र, सामुदायिक विकास समूह र सामुदायिक प्रहरी एवंम् एपीएफ टोलीको सहभागिता रहेको थियो।

**५. माननिय सभासद् नविन्द्रराज जोशीले बौद्ध भ्रूण्डोतोलन–**

*२०६५ जेठ ७ गते। इन्द्रायणी, विष्णुमती, काठमाडौं।*

२५५२ औं बुद्ध पूर्णिमाको उपलक्ष्यमा काठमाडौं शहरको विष्णुमती नदी किनारमा अवस्थित इन्द्रायणी मन्दिर छेऊमा निर्मित २४ फिट उचाईमा राखिएको बुद्ध मूर्तिलाई माननिय सभासद् श्री नविन्द्रराज जोशीले बौद्ध भ्रूण्डोत्तोलन गरी उद्घाटन गरिएको थियो।

काठमाडौं यट्खा निवासी दिवंगत कृष्ण बहादुर चित्रकार तथा माताको पूण्य स्मृतिमा उहाँहरूका जेष्ठ पुत्र श्री बखत बहादुर चित्रकार तथा उहाँका भाइबहिनी परिवारजनहरूको सक्रियतामा करिब देढलाख रूपैयाँको लागतमा उक्त बुद्धमूर्ति निर्माण गरिएको कुरा थाहा हुन आएको छ।

दाता महोदयहरूको भनाईनुसार यस मन्दिर निर्माणका उद्देश्यहरू यसरी रहेको छ ।

- फोहर फाल्ने स्थानको रूपमा परिणत भई अति दुर्गन्धित बनिसकेको यस ऐतिहासिक स्थानलाई संरक्षण गरी स्थानिय बासिन्दा, विद्यार्थी एवंम् श्रद्धालु भक्तजनहरूको स्वास्थ्यमा पार्ने प्रतिकुल असर जोगाई वातावरण स्वच्छ र सफा पार्नको लागि ।

- काठमाडौं बासीहरू मर्दा पर्दा दाह संस्कारको लागि यहाँ ल्याउने गरिन्छ । यसरी मलामीको रूपमा आउने जो कोहीले पनि यहाँ स्थापना गरिएको बुद्ध मूर्ति दर्शन गर्न पाउँदा र यहाँ लिखित बुद्ध वचनहरू पढ्न पाउँदा शोक विह्वल भइरहेको मनलाई संसारको त्रिलक्षण स्वभाव (अनित्य, दुःख र अनात्म) विषयमा आफैले स्मरण गराउने वातावरण श्रृजना गराउनका लागि

माथि उल्लेखित पवित्र उद्देश्यहरू बोकी २५५२ औं बैशाख पूर्णिमाको तिथिमा श्रद्धेय भिक्षुणी वीर्यवतीको सभापतित्वमा एक विशेष कार्यक्रमको आयोजना गरियो । प्रमुख अतिथिको आसनबाट बोल्नुहुँदै उक्त अवसरमा माननिय सभासद् श्री नविन्द्रराज जोशीले बुद्धले आफ्नो भन्दा अरूको खुशी र कल्याण कामना गरी मध्यम मार्ग प्रतिपादन गर्नुहुने महामानव हुनुहुन्छ भन्ने विषयमा प्रकाश पार्नुभयो । स्वागत मन्तव्यको क्रममा श्री बखत बहादुर चित्रकारले जीवन अनित्य छ, तर मृत्यु निश्चित भएकोले हामीले एकदिन मर्नुछ भन्ने कुरालाई स्मरण गर्दै आफूलाई सधैं संयमित र धैर्यवान् बनाई पूण्य कार्यमा लगाइराख्नु पर्ने विषयमा जोड दिनुभयो ।


यसरी नै सभापतिको आशनबाट बोल्नुहुँदै श्रद्धेय भिक्षुणी वीर्यवतीले चित्रकार परिवारको यस परोपकारी कार्यले यहाँको प्रदुषित वातावरणमा सुधार ल्याउने मात्र नभई यस स्थानमा मलामीका रूपमा आउने शोकाकुल व्यक्तिहरूलाई बुद्ध सन्देशबाट धैर्य धारण गराउने पनि कार्य हुने भएकोले यसलाई शुद्ध धार्मिक कार्यको रूपमा लिन सकिने कुरा उल्लेख गर्नुभयो ।

कार्यक्रमको अन्त्यमा बुढानिलकण्ठ स्थित विपश्यना ध्यान केन्द्रमा सेवारत समाजसेवी श्री बलराम चित्रकारले यस बुद्धमूर्ति स्थापना जस्तो पवित्र कार्यले हाम्रो ऐतिहासिक सम्पदाको संरक्षण र प्रदुषित स्थानिय वातावरणमा सुधार गर्न योगदान पुग्ने कुरामा जोड दिनुभयो ।

यस कार्यक्रम रवि चित्रकारले संचालन गर्नुभएको थियो ।

**६. संयुक्त राष्ट्र संघ भवनमा बुद्धजयन्ती कार्यक्रम–**

७ ज्येष्ठ, २०६५, सं.रा.सं.ले बुद्धजयन्तीको दिनलाई अन्तर्राष्ट्रिय मान्यता दिएको उपलक्ष्यमा काठमाडौं स्थित




*कार्यक्रममा मन्तव्य व्यक्त गर्नुहुँदै सं.रा.सं.को तर्फबाट नेपालका निम्ति अवासिय प्रतिनिधि*

संघको भवन, पुल्चोकमा २५५२ औं बुद्धजयन्ती समारोह भव्य रूपमा मनाइयो । सं.रा.सं.का आवासीय समन्वयकर्ता श्री रोबर्ट पाइपरज्यूबाट बुद्धमूर्ति अगाडि कलात्मक पानसमा दीप प्रज्वलन गरि समारोहको उद्घाटन गर्नुभयो । सो समारोहमा बोल्नु हुँदै उहाँले बुद्धको शिक्षा आजको विश्वमा अझ धेरै अपरिहार्य रहेको बताउनु भयो । साथै उहाँले सं.रा.सं.का महासचिव बान कि मूनज्यूको शुभकामना सन्देश पनि पढेर सुनाउनु भयो ।

भिक्षु धर्मपाल महास्थविरज्यूबाट पञ्चशील प्रार्थना गराउनु भई शुरू भएको सो समारोहमा भिक्षु प्रज्ञारत्न ज्यूबाट बुद्धपूजा गराउनु भएको थियो । धर्मदेशनाको क्रममा भिक्षु कोलितज्यूबाट बुद्धको शिक्षा बारे प्रकाश पार्नु भयो भने भिक्षु धर्ममूर्तिज्यूबाट सं.रा.सं.ले बुद्ध जयन्तीलाई अन्तर्राष्ट्रिय मान्यता दिएको सन्दर्भ उल्लेख गर्नुभयो ।

समारोहमा श्रीलंकाका राजदूत श्री अमरलाल सुमिथ नकन्दलाबाट बुद्धको चतुआर्यसत्य र आर्य अष्टांगिक मार्गको चर्चा गर्नुभयो । मदन रत्न मानन्धरले सं.रा.सं.ले बुद्ध जयन्तीको दिनलाई दिएको आन्तर्राष्ट्रिय मान्यतालाई व्यावहारिका रूपमा विश्वभर नै उत्सवको रूपमा मनाउन सं.रा.सं.ले आवश्यक पहल गर्नु पर्नेमा जोड दिनुभयो ।

सं.रा.सं. काठमाडौं, बुद्धजयन्ती समारोह समिति र अन्तर्राष्ट्रिय बौद्ध अध्ययन संस्था नेपालको संयुक्त आयोजनामा सम्पन्न सो समारोहमा संस्थाका सदस्य हिरण्य सिद्धि वज्राचार्यबाट धन्यबाद ज्ञापन भएको थियो । सभापतिको



Downloaded from http://www.dhamma.digital

आसनबाट संस्थाका अध्यक्ष प्रेमलाल चित्रकारले सं.रा.सं. काठमाडौंले बुद्ध जयन्ती मनाउने क्रम निरन्तर रूपमा हुनुपर्नेमा जोड दिनुभयो ।



*बुद्धपूर्णिमाको उपलक्ष्यमा भिक्षुभिक्षुणी संघलाई भोजनदान गर्नुहुँदै सं.रा.सं.को तर्फबाट नेपालका निम्ति आवासिय प्रतिनिधि लगायत अन्य संस्थाका कार्यकर्ताहरू*

भिक्षु कोण्डन्यज्यूबाट नेपालमा ऐतिहासिक रूपमा मनाईएको यो बुद्ध जयन्ती कार्यक्रमको सह्राहना गर्नु हुँदै हालै बर्मा आँधिबाट मरेका र चीनमा भूकम्पबाट मरेकाहरू समेतलाई सम्भना गर्दै पुण्यानुमोदन गराउनु भयो। कार्यक्रममा उपस्थित भिक्षु, गुरुमांहरू लगायत अन्य अतिथि सबैलाई सं.रा.सं. का तर्फबाट भोजन दान पनि गरिएको थियो ।

स्मरण रहोस् गत वर्ष पनि सो भवनमा बुद्धजयन्ती समारोहको आयोजना गरिएको थियो ।

**७. विश्वशान्ति विहार, मीनभवन, काठमाडौं–**

२५५२ औं बुद्ध जयन्ती समारोह समितिको आयोजनामा २०६५ जेठ ६ गते बिहान बुद्धपूजा एवं भिक्षु पदुमबाट आमिष पूजा र प्रतिपत्रि पूजा सम्बन्धी गहन धर्म देशना। भिक्षु बोधिज्ञान स्थविरबाट उपस्थित सकल उपासक उपासिकाहरूलाई विपश्यना भावनाको अभ्यास गराउनुभएको थियो ।

उक्त दिन अपरान्ह १ बजेबाट विहारको प्रांगनमा वक्तृत्व कला प्रतियोगिता उपसमितिका संयोजक श्री सुन्दर कुमार शाक्यको सभापतित्व एवं भिक्षु बोधिज्ञान स्थविर ज्यूको प्रमुख आतिथ्यमा "बुद्धको शान्ति सन्देश, आजको अपरिहार्य" विषयक वक्तृत्वकला प्रतियोगिता संचालन गरिएको थियो । उक्त कार्यक्रमको संचालन समारोह समितिका सह सचिव श्री प्रदीप शाक्यले गर्नु भएको थियो । प्रतियोगितामा वानेश्वर क्षेत्रमा जम्मा १० विद्यालयबाट १९ जना विद्यार्थीहरूको सहभागिता रहेको थियो । प्रतियोगिताको मूल्यांकन छात्र छात्रा दुबै तर्फबो अलग अलग गरिएको थियो । जस अनुसार छात्रा तर्फ क्रमश रूषा गिरी, अस्मिता रोक्का र अस्मिता अर्याल प्रथम, द्वितीय र तृतीय भएका थिए भने छात्रतर्फ मनोज राना, कुन्दन नेपाल र रंजित शाह क्रमश: प्रथम, द्वितीय र तृतीय स्थान हासिल गर्न सफल भएका थिए ।

भोलीपल्ट जेठ ७ गते प्रात: ७ बजे देखि बुद्ध प्रतिमा सिंगारिएको रथमा राखी शोभा यात्रा गरिएको थियो । जसमा विभिन्न विद्यालयका विद्यार्थीहरू लगायत शिक्षक शिक्षिकाहरूको साथै धर्मोपासकपासिकाहरूको अपार सहभागिता रहेको थियो । करिब २ घण्टाको शोभायात्रा पछि विश्व शान्ति विहारमा आएर सार्वजनिक बौद्ध सभामा परिणत भएको थियो । बुद्ध पूजा पश्चात पंचशीलबाट प्रारम्भ भएको उक्त सभाको सभापतित्व बुद्ध जयन्ती समारोह समितिको अध्यक्ष भिक्षु बोधिज्ञान स्थविरज्यूले गर्नु भएको थियो । सो सभामा उपस्थित भक्तजनलाई सदस्य श्री भिम शाक्यले स्वागत अभिनन्दन गर्नु भएको थियो भने सुन्दर कुमार शाक्यले धन्यवाद ज्ञापन गर्नु भएको थियो । बुद्धको उपदेश सर्वकालिक भएको र अत्यन्त व्यवहारिक र सरल भएको कारण सबैले यसलाई व्यवहारिक जीवनमा लागु गर्दै लानुपर्ने कुरामा जोड दिदैं भिक्षु बोधिज्ञान द्वारा धर्म देशना गरिएको उक्त कार्यक्रममा वक्तृत्वकला प्रतियोगिताका विजयी सहभागीहरूलाई सभाका अध्यक्ष पुरस्कार एवं प्रमाणपत्र समेत प्रदान गरिएको थियो । यस अतिरिक्त उपस्थित सम्पूर्ण भक्त उपासक उपासिकाहरूलाई प्रसाद वितरण एवं भिक्षु भिक्षुणी संघलाई दानप्रदान गरिएको थियो । अन्तमा पुण्यानुमोदन गरि समापन गरिएको उक्त समारोहको उद्घोषण श्री प्रदीप शाक्यले गर्नु भएको थियो ।

यसरी नै जेठ ११ गते रक्तदान उपसमितिका संयोजक श्री लक्ष्मण उडासको संयोजकत्वमा विहार प्राङ्गणमा रक्तदानको कार्यक्रम पनि संचालन गरिएको थियो ।

**८. बौद्ध संगीत जागरण–**

*२०६५ बैशाख २४ गते,* २५५२ औं बुद्ध पूर्णिमाको उपलक्ष्यमा भगवान् बुद्धको शिक्षालाई गीतको माध्यमबाट प्रचार प्रसार गर्ने उद्देश्यले बौद्ध संगीत जागरण कार्यक्रमको आयोजना गरियो। ४० वटा ज्ञानमाला भजन समूहले भाग लिएको उक्त कार्यक्रममा धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन समूह पनि सहभागी भई सम्मान पत्र प्राप्त गरको थियो ।

**९. बुद्धनगर स्वयम्भू–**

*२०६५ जेठ ६ गते,* २५५२ औं बुद्ध पूर्णिमाको उपलक्ष्यमा बुद्ध नगर स्वयम्भूमा श्रीमान् श्रीमती पुष्प रत्न तुलाधरको आयोजनामा धर्मकीर्ति ज्ञानमाला भजनको तर्फबाट ज्ञानमाला भजन प्रस्तुत गरिएको थियो । श्रद्धेय भिक्षु कोण्डन्यबाट धर्मदेशना भएको उक्त कार्यक्रममा दाता पुष्प रत्न तुलाधरको तर्फबाट धर्मकीर्ति ज्ञानमाला भजनलाई रु. २०००/- चन्दा स्वरूप प्रदान गरिएको थियो । ध.ज्ञा.भ.का उपाध्यक्ष जुजुभाई शाक्यले दाता पुष्परत्न तुलाधरलाई भजन समूहको स्मृति चिन्ह खादा ओढाई सम्मान गर्नुभएको थियो । दाता परिवारको तर्फबाट भजनका सदस्यहरूलाई भोजन जलपान को व्यवस्था गरी पुण्य संचय गर्नुभएको थियो ।

**१०. हाडिगाउँ–**

*२०६५ ज्येष्ठ ६ गते, का.म.न.पा वडा नं. ५ ।* २५५२ औं बुद्ध पूर्णिमाको उपलक्ष्यमा विश्व शान्ति कामना गर्दै हाँडी गाउँ निवासी श्रद्धालुहरूको तर्फबाट धर्मकीर्ति ज्ञानमालालाई निमन्त्रणा गरी ज्ञानमाला भजन प्रस्तुत गराइएको थियो । ५ नं. हाडीगाउँका अध्यक्ष श्री रमेश डंगोललाई ध.की.ज्ञा.भ.का उपाध्यक्ष जुजुभाई शाक्यले खादा ओढाई सम्मान गरिएको उक्त कार्यक्रममा दाता रमेश डंगोलले ध.की.ज्ञा.भजनलाई बुद्ध फ्रेम उपहार स्वरूप प्रदान गर्नु भएको थियो । हाडी गाउँ वडा नं. ५ का कोषाध्यक्ष श्री श्यामलाल चित्रकारले धन्यवाद ज्ञापन गर्नुभई समापन गरिएको उक्त कार्यक्रममा जलपान भोजनको पनि व्यवस्था गरिएको थियो ।

**११. तुन्छेँ गल्ली काठमाडौं–**

२०६५ जेठ ७, २५५२ औं बुद्ध जयन्तीको उपलक्ष्यमा Ekta Pri English School तुन्छे गल्ली काठमाडौंका अध्यक्ष उत्तम नारायण श्रेष्ठ र प्रिन्सिपल श्रीमती गीता श्रेष्ठको निमन्त्रणामा धर्मकीर्ति ज्ञानमाला भजन प्रस्तुत गरिएको थियो । विश्व शान्ति कामनार्थ संचालित उक्त कार्यक्रममा भजनका उपाध्यक्ष जुजुभाई शाक्यले आयोजक परिवारलाई भजनको स्मृति चिन्ह ज्ञानमाला पुस्तक र भजन संग्रह पुस्तक प्रदान गर्नुभएको थियो ।

यसको साथै दाता परिवारको तर्फबाट ज्ञानमाला भजनलाई यसरी चन्दा प्रदान गर्नुभएको थियो–

- उत्तम नारायण, गीता श्रेष्ठ रू. ११२५/-
- दामोदर नारायण श्रेष्ठ रू. ५००/-
- नानुदेवी श्रेष्ठ रू. ५००/-
- सावित्री पहाडी रू. ५०४/-

**१२. बौद्ध महिला संघ, नेपाल–**

*२०६५/१/२८, बुद्ध विहार भृकुटी मण्डप ।* २५५२ औं बुद्ध पूर्णिमा (स्वायां पुन्ही) को पावन अवसरमा भौतिक योजना तथा निर्माण मन्त्री श्रीमती हिसिला यमी ज्यूको प्रमुख आतिथ्यमा बौद्ध महिला संघ नेपालले एक समारोहको आयोजना गरिएको थियो ।

**१३. युवक बौद्ध मण्डल, ललितपुर–**

**शान्तिपदयात्रा**

२५५२ औं बुद्ध पूर्णिमाको अवसरमा युवक बौद्ध मण्डल ललितपुरले बौद्ध शान्तिपदयात्रा कार्यक्रम सम्पन्न गरिएको थियो ।

श्रद्धेय भिक्षु धम्मपाल महास्थविरको तर्फबाट पञ्चशील प्रार्थना गराइएको उक्त कार्यक्रममा बुद्ध पूजा पछि बौद्ध शान्ति पदयात्रा अगाडि बढाइएको थियो । उक्त शान्ति पदयात्रामा विभिन्न बाजागाजाका साथ थुप्रै समूहहरूले भाग लिएको थियो । ललितपुरको विभिन्न स्थानमा परिक्रमा गरी अन्त्यमा मंगल टोलमा पुगी ऱ्याली सम्पन्न गरिएको थियो । उक्त कार्यक्रममा युवक बौद्ध मण्डलका पहिलो उपाध्यक्ष सुरेन्द्र शाक्यले पुण्यानुमोदन गर्नुका साथै पदयात्रा कार्यक्रममा सहभागी हुने पदयात्रीहरू सबैलाई धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

**दुर्लभ प्रव्रज्या**

२५५२ औं बैशाख पूर्णिमाको उपलक्ष्यमा युवक बौद्ध मण्डल ललितपुरले दुर्लभ प्रव्रज्या कार्यक्रमको आयोजना गरिएको थियो । १० दिनसम्म संचालित यस कार्यक्रममा ३३ जना श्रमणेर र ८ जना गुरुमां गरी जम्मा ४१ जनाले दुर्लभ प्रव्रज्या जीवन बिताउनु भएका थिए । भिक्षु विज्जोतले पञ्चशील प्रार्थना गराउनु भई संचालन गरिएको उक्त कार्यक्रममा हेमबहादुर शाक्यले स्वागत भाषण गर्नुभएको थियो भने राजेश शाक्य र धर्मबहादुर शाक्यले शुभकामना मन्तव्य व्यक्त गर्नुभएका थिए ।

यु.बौ. मण्डलका अध्यक्ष सानुराजा शाक्यको सभापतित्वमा संचालित उक्त दुर्लभ कार्यक्रममा ९२ वर्षिय बुद्ध उपासक भाइलालले पनि प्रव्रज्या जीवनको अनुभव गर्नुभएको थियो ।

**१४. बनेपा–**

२०६५ जेठ ७, २५५२ औं बुद्ध पूर्णिमाको उपलक्ष्यमा बुद्ध जयन्तिमूल समारोह समिति काभ्रेको आयोजनामा बनेपाको कोमाहल टोलमा रहेको सुदर्शन विहारबाट एक शान्ति पदयात्रा शुरु भई ध्यानकुटी पुगी प्रवचन कार्यक्रममा परिणत भएको थियो । उक्त ऱ्यालीमा बनेपामा रहेका



Downloaded from http://www.dhamma.digital

विद्यालयका विद्यार्थीहरू लगायत शिक्षकहरू पनि सहभागी हुनुभएका थिए ।

**१५. काव्यवाचन–**

भक्तपुर, २०६५ जेठ ७, २५५२ औं बुद्ध पूर्णिमाको उपलक्ष्यमा भक्तपुर साहित्यिक समाजले शान्तिका लागि साहित्य विषयमा काव्यवाचन गरिएको थिया । प्राप्त समाचार अनुसार उक्त कार्यक्रममा साहित्यकार ध्रुव मधिकर्मी, शोम शर्मा, श्याम गैंडा, रोशन भण्डारी, राजुराम मुनकर्मी, भक्तपुरे काली, केशव रूपाखेती, रामकुमार के.सी., काशीराम विरश, पार्वती भण्डारी आदि व्यक्तित्वहरूले रचनावाचन गर्नुभएको कुरा बुझिन आएको छ ।

**१६. स्वास्थ्य शिविर–**

भक्तपुर, मुनिविहार, २५५२ औं बुद्ध पूर्णिमाको उपलक्ष्यमा युवा बौद्ध समूह भक्तपुरको आयोजनामा निशुल्क स्वास्थ्य शिविर संचालन भएको थियो । उक्त शिविरमा १९५ व्यक्तिहरूले मुटुरोग, मधुमेह रोग र सामान्य रोग सम्बन्धि स्वास्थ्य सेवा सुविधा उपलब्ध गरेको समाचार छ ।

विजयादीप ल्याबोरेटरी सेन्टरका वरिष्ठ चिकित्सक डा. विजयलाल श्रेष्ठले उद्‌घाटन गर्नुभएको उक्त स्वास्थ्य शिविरमा डा. रतनसुन्दर लासिक, डा. ससिन्द्र भुजु, डा. श्यामेन्द्र सिं र डा. सुसन भजु लगायत विजयादिपका अन्य स्वास्थ्य कर्मीहरूले सेवा उपलब्ध गराउनु भएको उक्त स्वास्थ्य शिविरमा शाक्यान शाक्यले स्वागत भाषण गर्नुभएको थियो भने धर्मरत्न शाक्यले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

**१७. मैत्रेय युवा संघ, भक्तपुर–**

२५५२ औं बुद्ध पूर्णिमाको उपलक्ष्यमा मैत्रेय युवा संघले प्रवचन कार्यक्रमको आयोजना गरेको समाचार छ पञ्चशील प्रार्थना पश्चात संचालित उक्त कार्यक्रममा भिक्षु विपश्वीले बुद्ध पूर्णिमाको महत्व विषयमा प्रवचन दिनुभएको थियो भने तीर्थराज वज्राचार्यले धन्यबाद ज्ञापन गर्नुभएको थियो ।

**१८. नगदेश ठिमी–**

नगदेश बौद्ध समूह र बौद्ध ल्याय्म्ह पुच: ठिमीको संयुक्त आयोजनमा २५५२ औं बुद्ध पूर्णिमा महोत्सव मनाइएको समाचार प्राप्त भएको छ । प्रमुख अतिथि भिक्षुणी केशावती र विशिष्ट अतिथि डा. सानुभाई डंगोल रहनुभएको उक्त कार्यक्रम उपासक न्हुच्छेकुमार सिंकेमनको अध्यक्षतामा सम्पन्न भएको थियो ।

उपासक लक्ष्मी कृष्ण श्रेष्ठले स्वागत भाषण गर्नुभएको उक्त कार्यक्रममा डा. सानुभाई डंगोलले बुद्ध जीवनी प्रस्तुत गर्नुभयो भने उपासक विष्णु रत्न शाक्यले मानिसको जीवनमा शान्ति ल्याउने उपाय समेत बताउनु भयो ।

उपासक कृष्ण कुमार प्रजापतिले बैशाख पूर्णिमाको महत्व एवं बुद्ध शिक्षाको विश्लेषण गर्नुभएको उक्त समारोहमा केशावती गुरुमांले विहारको लागि रु. ४०,००५/- दान गर्नुहुने दाता भक्त बहादुर धजुलाई खादा ओढाउनु भई भगवान बुद्धको प्रतिमा भएको तस्विर प्रदान गर्नुभएको थियो । यसरी नै उहाँले नगदेश बुद्ध विहार परियत्ति केन्द्रबाट ५ कक्षाको परीक्षा दिनुभएका शिवकुमार राईलाई पनि खादा ओढाउनु भई बुद्ध तस्विर उपहार स्वरूप प्रदान गर्नुभएको थियो । यसरी नै २५५२ औं बुद्ध जयन्ती समारोह संचालनार्थ जलपान भोजनको व्यवस्था गर्नुहुने श्रद्धालु दाता तुलसी धजुलाई पनि खादा ओढाउनु भई बुद्ध तस्विर उपहार प्रदान गर्नु भएको थियो ।

कार्यक्रमको अन्त्यमा विविध सांस्कृतिक बाजागाजा सहितको र्‍यालीले नगर परिक्रमा गरिएको थियो ।

**१९. प्रतिमा अनावरण–**

लुम्बिनी, २०६५ जेठ ७, यसदिन लुम्बिनीमा कोरियालीहरूले निर्माण गरिएको सिद्धार्थ गौतमको प्रतिमा प्रधानमन्त्री श्री गिरिजा प्रसाद कोइरालाले अनावरण गर्नुभएको थियो । उक्त अवसरमा प्रधानमन्त्रीले कोरियामा नेपाली दूतावास स्थापना भएपछि नेपाल कोरिया सम्बन्ध अझ गहिरो बन्दै गएको उल्लेख गर्नुभयो । उक्त अवसरमा सभामुख सुवास नेम्वाङ्गले पनि आफ्नो मन्तव्य व्यक्त गर्नुभएका थिए ।

**२०. शान्ति प्रतिवद्धता–**

लुम्बिनी, २०६५ ज्येष्ठ, सोमबार, २५५२ औं बुद्ध पूर्णिमाको उपलक्ष्यमा लुम्बिनी दिवसको अवसरमा अन्तर्राष्ट्रिय बुद्धिष्ट संगठनद्वारा आयोजित शान्ति सम्मेलनमा बोल्नु हुँदै माओवादी अध्यक्ष प्रचण्डले अशोक स्तम्भ अगाडि उभिएर शान्तिको लागि सामूहिक प्रतिवद्धता राख्दा हाम्रो इतिहास र दर्शन प्रति गर्वको अनुभूति हुनुका साथै दिगो शान्ति कायम राख्न यो सामूहिक प्रतिवद्धता निकै सार्थक हुने कुरा बताउनु भयो । उहाँले भन्नुभयो– “शान्ति प्रकृया र संविधान निर्माण देशका भौगोलिक, साँस्कृतिक र परम्परा अनुरूप मौलिक हुनुपर्छ, कसैको दवावमा हुनुहुन्न ।”

उहाँले मन्तव्य व्यक्त गर्ने क्रममा शान्ति प्रकृया दिगो राख्न सबै राजनैतिक दलले एकजुट भई अगाडि बढ्नु पर्ने कुरामा जोड दिनु हुँदै नयाँ सरकार गठन पछि लुम्बिनीलाई धार्मिक पर्यटनस्थलको रूपमा विकास गर्ने कुरा बताउनु भयो ।

एमाले महासचिव झलनाथ खनालले जनतामाथि दमन, अत्याचार, अशान्ति र शोषणका कारण द्वन्दको जन्म भई विद्रोहमा परिणत हुने भएकोले अशान्तिको कारण पत्ता लगाई शान्ति छर्न सबैले संकल्प गर्नुपर्ने कुरा बताउनु भयो ।

मधेसी जनअधिकार फोरमका संयोजक उपेन्द्र यादवले मानव जाति विरूद्ध कहिल्यै पनि हतियार नउठाउने उद्घोष गरी असमानता र विभेद अन्त्य गरी राष्ट्र निर्माणमा अगाडि बढ्न सबैलाई आह्वान गरे ।

यसरी नै कांग्रेस केन्द्रीय सदस्य दीपकुमार उपाध्याय र तमलोपाका सवेन्द्रनाथ शुक्लले पनि स्थायी शान्तिका लागि सबै दल एकमत हुन जरूरी भएको कुरा उल्लेख गर्नुभएको थियो ।

**२१. तीनदिने समारोह–**

लुम्बिनी, २०६५ जेठ ४, ६ र ७ गते, २५५२ औं बुद्ध पूर्णिमाको उपलक्ष्यमा २५५२ औं बुद्ध जयन्ती तथा लुम्बिनी दिवस मूल समारोह समिति, एवं लुम्बिनी धर्मोदय उपसमिति राजकिय बुद्ध विहार, लुम्बिनीको आयोजनामा ३ दिने समारोह सम्पन्न गरिएको समाचार छ । प्राप्त समाचार अनुसार जेठ ४ गते शाक्यमुनि विहार लुम्बिनीमा दिवंगत हुनु भएका स्व. भिक्षु विमलानन्द महास्थविरको प्रतिमा भिक्षु अश्वघोष महास्थविरले अनावरण गर्नु भएको थियो ।

यसरी नै जेठ ६ गते, सोमबार साँझ दीप प्रज्ज्वलन, ज्ञानमाला भजन गरिएको थियो भने जेठ ७ गते मंगलबार का दिन राजकिय बुद्ध विहार लुम्बिनीमा, विहान रथ यात्रा, शील प्रार्थना, बुद्धपूजा र धर्मदेशना कार्यक्रम सुसम्पन्न गरिएको थियो ।

### ध्यानकुटी विहारमा बुद्धजयन्ती मनाइयो

२५५२ औं बुद्धजयन्तीको उपलक्ष्यमा बुद्धजयन्ती समारोह समिति बनेपाद्वारा आयोजित उक्त उत्सवमा बुद्ध मुक्ति नगर परिक्रमा गर्दै ध्यानकुटी विहारमा सभामा परिणत भयो । उपस्थित उपासक-उपासिकाहरूलाई भिक्षु बोधिसेन महास्थविरज्यूले पंचशीलमा प्रार्थना गराई बुद्धजयन्तीको महत्वको बारे उपदेश दिनुभयो । भिक्षु राहुलले बुद्धपूजा गराउनु भयो । सो अवस्थामा विशाल जनसमुदायको उपस्थिति थियो । बाजा गाजाका साथ ज्ञानमाला भजन, पाठशालाका बाल बालिकाहरू पनि सहभागी थियो । उपस्थिति सबैलाई क्षीर-जलपानको व्यवस्था पनि गरेको थियो ।

### रोगीहरूलाई फलफूल वितरण

ध्यानकुटी विहारद्वारा वर्षेनी गर्दै आएको फलफूल तथा बिस्कुट वितरण यस वर्षमा पनि २५५२ औं बुद्ध जयन्तीको उपलक्ष्यमा रोगीहरूको सुस्वास्थको कामना गर्दै बनेपा शिर ममोरियल अस्पतालमा बिरामी ७० जनालाई प्रदान गरियो ।

### लुम्बिनी पुरस्कारका लागि २ करोड

विश्व शान्ति स्थापनार्थ पहल गर्ने व्यक्तित्वहरूलाई नेपालको तर्फबाट दिइने "अन्तर्राष्ट्रिय लुम्बिनी शान्ति पुरस्कार" का लागि रकम संकलन कार्य अगाडि बढाइरहेको कुरा लुम्बिनी विकास कोषका उपाध्यक्ष डा. केशवमान शाक्यले बताउनु भएको समाचार छ । प्राप्त समाचार अनुसार उक्त पुरस्कारको राशी ५०,०००/- डलर भएको कुरा थाहा हुन आएको छ । यस पुरस्कारको लागि अक्षय कोष खडा गर्ने हाल सम्म २ करोड रूपैयां जम्मा भइसकेको जानकारी श्री शाक्यले बताउनु भएको छ । नेपालबाट दिइने यो पहिलो अन्तर्राष्ट्रिय स्तरको पुरस्कार हो ।

## सूचना ! सूचना !! सूचना !!!

**पूज्य धम्मवती गुरुमांको ७४ औं वर्षिय जन्मोत्सवको शुभ उपलक्ष्यमा पूज्य भिक्षुसंघबाट साप्ताहिक अभिधर्म पाठ र धर्मदेशना गर्नुहुने कार्यक्रम रहेको छ । उक्त पूण्य कार्यमा सहभागी हुन इच्छुक सबै धर्मप्रेमी श्रद्धालु श्रोतावर्गहरूलाई हार्दिक स्वागत गरिएको छ ।**

*स्थान: धर्मकीर्ति विहार, श्रीघ:न:घ:, काठमाडौं*
*समय: विहान ७:०० बजे देखि ९:०० बजे सम्म*
*मिति: २०६५ असार ३० गते सोमबार देखि श्रावण ५ गते आइतबार सम्म ।*
*आयोजक: धर्मकीर्ति विहार परिवार*



Downloaded from http://www.dhamma.digital

## नेपाल बौद्ध परिषद्‌या वार्षिक समारोह

यल २०६४ साल चैत्र ९ गते । थनया कोपुण्डोल स्थित सातो अकि स्मृति भवनय् नेपाल बौद्ध परिषद्‌या द्वितीय साधारण सभा तथा दशौं वार्षिक समारोह भव्यतापूर्वक क्वचा:गु बुखँ दु । प्राप्त बुखँ अनुसार परिषद्‌या अध्यक्ष भाजु महीश्वरराज वज्राचार्यया सभापतित्वय् न्ह्याःगु उगु समारोहस् प्रसिद्ध बौद्ध व्यक्तित्व पूर्वमेयर भाजु बेखारत्न शाक्य तथा पालि त्रिपितक ग्रन्थया अनुवादक विद्वान् भाजु दुण्डबहादुर वज्राचार्यजुयात बुद्ध धर्मया क्षत्रय् वय्‌क:पिंस बिया दिइगु योगदानयात कया: स-सम्मान कदर पत्र प्रदान याय्‌गु ज्या जुल ।

नेपाल सरकारया पूर्व मुख्य सचिव तथा लोक सेवा आयोगया वर्तमान अध्यक्ष भाजु तीर्थमान शाक्यजुं विशिष्ट अतिथियारूपय् भाग कया दिइगु उगु समारोहस परिषद्‌या महासचिव भाजु पूर्णमान चित्रकारजुं वार्षिक प्रतिवेदन प्रस्तुत याना दिलसा कोषाध्यक्ष भाजु सूर्जमान वज्राचार्यजुं आयव्यय विवरण प्रस्तुत यानादिल । अथेहे आजीवन सदस्य भाजु वंशीधर वज्राचार्यजुं प्रस्तुत याना दिइगु विधान संशोधन प्रस्ताव सर्वसम्मतिं पारित जुल ।

सभाया अन्तय् सभापतिया आसनं न्वंवाना दिसे भाजु महीश्वर राज वज्राचार्यजुं वंगु २०६४ साल चैत्र २ गते धर्मबहादुर धाख्वा कल्याण केन्द्र पाखें बुद्धधर्मया क्षत्रय् यानागु उल्लेखनीय योगदानया निति पुरस्कारस्वरूप थ:त प्राप्त जूगु २५,०००/- नीन्याद्वः दाँ फुक्कं बौद्ध परिषद्‌या पाखें बौद्ध युवा प्रकाशन यायेत खर्च यायेगु उद्‌गार एवं वचन बद्धता यानादिल । भाजु काजीरत्न शाक्यपाखें उद्‌घोषण जूगु उगु सभा श्रद्धेय भिक्षु सुमेध स्थविरजु पाखें पुण्यानुमोदन जुया क्वचागु जुल ।

## श्रीलंकाया राजदूतयात नेपा:या गुलपा: ल:ल्हात

*२०६५ जेठ ६ गते ।*

गुलुपा दाताया नामं म्हसिका बियाच्वनादीम्ह भाजु जीवरत्न स्थापित व वयक:या जहानपाखें श्रीलंकाया विहार या लागि स्वफा जाकी न्ह्यंगु कलात्मक गुलुपा: श्रीलंकाया राजदूत सुनिथ ए नाकन्दला यात ल:ल्हानादीगु खं दु ।

| ध्यानकुटी मैत्री केन्द्र बाल आश्रमलाई सहयोग | |
|---|---|
| १. केश चन्द्र शाक्य | ३००/- |
| २. शाक्य बाच, बनेपा | ३००/- |
| ३. मित्र शाक्य, बनेपा | ३००/- |
| ४. टिका भक्त भोछिबियोया | १०००/- |

थुकथं भाजु जीवरत्न स्थापितं ताइवान, कोरीया, वर्मा व श्रीलंका याना न्यागू विदेशय नेपा:या गुलुपा: ल:ल्हानादीधुंकूगु खँ समाचारय् उल्लेख जुयाच्वंगु दु ।

## थुगुसीया पंचवीर सिंह सिरपा: ल:ल्हाय्‌गु ज्या क्वचाल

*२०६५ ज्येष्ठ ४ गते, परोपकार उच्च मा. विद्यालय*

बुद्ध सम्वत् २५५० या निति "संध्या टाइम्स्" न्हिपौयात च्वसु च्वया: व्यूपिं च्वमिपिं मध्ये मय्‌जु सुनिता मानन्धर व भाजु शिशिल चित्रकारयात थुगुसीया पंचवीर सिंह सिरपा: ल:ल्हाय्‌गु ज्या क्वचाल । "सन्ध्या टाइम्स" य् पिंहा वइगु उत्कृष्ट बौद्ध च्वसुयात ध्व सिरपा: बीगु जुयाच्वंगु ख: ।

मय्‌जु अमिता धाख्वा व भाजु गौतम वीर वज्राचार्य पिनिगु निर्णायक मण्डलं उगु बौद्ध च्वसुयात उत्कृष्ट धोषणा या:गु खँ उल्लेख जुयाच्वंगु दु ।

युवा बौद्ध समूहया ग्वसालय् सम्पन्न जूगु उगु ज्याझ्व: समूहया नाय: त्रिरत्न मानन्धरया सभापतित्वय् व मू पाहां भिक्षु कौण्डञ्ञ व सिरपा:या दाता पञ्चवीर सिं तुलाधरं दसिपौ व दां ल:ल्हाना: क्वचा:गु ख: ।

प्राप्त बुखं अनुसार सिरपा:या राशि बुद्ध संवत् कथं म्हतिं २५५० तथा ख:सां तंसा कथं मेगु ११, १११ तका दां नं तया: ल:ल्हा:गु खँ उल्लेख जुयाच्वंगु दु ।

## हस्तिन:गल महाविहारय् बुद्धपूजा

*२०६५ जेठ ११ गते, ह:ग:बहा: चल ।*


राजकर्णिकार समूहया कूल छय्‌येंयानात:गु हस्तिन:गल महाविहारय् बुद्ध पूजा, धर्मदेशना व ज्ञानमाला भजन ज्याझ्व: पूवंगु दू । कमला गुरुमां प्रमुख पद्मकीर्ति विहार परिवारया ग्वसाले न्ह्या:गु उगु ज्याझ्वले भाजु घनश्याम राजकर्णिकारं लसकुस न्वचू बियादिसे थुगु ऐतिहासिक महाविहार नीस्वंगु विषयलय् छत्वा:चा म्हसीका बियादिल ।

कमला गुरुमांया बाज्या एवं कृष्ण पाउरोटी भण्डारया नायोया रूपय् म्हस्यूम्ह स्व. दाता कृष्ण बहादुर राजकर्णिकारं "आराम क्याबिज्यानच्वंम्ह बुद्ध मूर्ति (सिंहसैय्या बुद्धमूर्ति)" स्थापना यानादीगु थुगु महाविहारय् धर्मधातुया मूर्ति नं स्थापना यानात:गु दु । थुगुज्याझ्वले भिक्षु कोण्डञ्ञं शील प्रार्थना याकाबिज्यासे वसपोलं व धम्मवती गुरुमां निम्हस्यां पालंपा धर्मदेशना यानाबिज्या:गु ख: ।

धर्मकीर्ति ज्ञानमाला भजन समूह पाखें भजन प्रस्तुत जूगु थुगु ज्याझ्वले राजकर्णिकार परिवार पाखें भन्ते गुरुमांपिन्त खादा गां न्येका: सम्मान या:गु ख: । दान प्रदान ज्याझ्वलं लिपा आयोजक परिवारपाखें ज्याझ्वले बिज्या:पिं भन्ते गुरुमांपिन्त व मेपिं उपासक उपासिकापिन्त नं जलपान व भोजनया व्यवस्था याना: पुण्य संचय यानादीगु ख: ।

बा.अ.का.द.नं. - ७०/०४०/४१

# शुभकामना !



**श्रद्धेय भिक्षु अश्वघोष महास्थविर**
**धर्मकीर्ति बौद्ध मासिक पत्रिकाका प्रधान सम्पादक,**
**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी एवं**
**धर्मकीर्ति विहार संरक्षण कोषका धर्मानुशासक**
**पूज्य भिक्षु अश्वघोष महास्थविरको**
**८२ औं जन्मोत्सवको उपलक्ष्यमा उहाँले बुद्ध शासनिक क्षेत्रमा**
**पुऱ्याउनु भएको अतुलनिय योगदानलाई स्मरण गर्दै**
**उहाँको आध्यात्मिक शान्ति र आयु आरोग्यको**
**कामना गर्दछौं ।**

**धर्मकीर्ति संरक्षण कोष**
**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**
**धर्मकीर्ति मासिक पत्रिका**
**धर्मकीर्ति स्वास्थ्य कमिटी**
**धर्मकीर्ति शिक्षा सदन**
**धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन**
**अल्पकालिन प्रव्रज्या उपकमिटी**
**अडियो भिजुयल उपकमिटी**
**धर्मकीर्ति विहार परिवार**

मुद्रक: न्यू नेपाल प्रेस प्रधान कार्यालय: १४२ मनकामना मार्ग, नागपोखरी, काठमाडौं, नेपाल। फोन: ४४३४८९०, ४४१४७ [illegible] ४४३३९२९
व्यापारिक कार्यालय: शुक्रपथ, काठमाडौं। फोन: ४२२१०१२, ४२२१४५०, फ्याक्स: (९७७-१) ४२२८८

Downloaded from http://www.dhamma.digital